खवप मा.वि./
शारदा क्याम्पस मा.वि.
देकोचा, भक्तपुर
**कक्षा ११ मा भर्नासम्बन्धी सूचना**
खवप मा.वि./शारदा क्याम्पस मा.वि.मा कक्षा ११ मा व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र सङ्कायमा भर्ना फारम वितरण भइरहेको छ ।
विस्तृत जानकारीको लागि
खवप मा.वि./शारदा क्याम्पस मा.वि.
फोन नं.०१-६६१०९३२, ६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८०
www.facebook.com/khwopahss
www.khwopahss.edu.np

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
**विज्ञापनको लागि सूचना**
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क :१२८★ ने. सं. ११४६ अनला थ्व, पूर्णिमा ★ आइतबार ★ १७ जेठ, २०८३ ★ May 31, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी सम्पन्न, उत्कृष्ट पाँच टोली सम्मानित




भक्तपुर, १६ जेठ । भक्तपुर नगरपालिकाद्वारा आयोजित 'भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी २०८३' को समापन तथा पुरस्कार वितरण कार्यक्रम शनिबार सम्पन्न भयो । दुई दिन सञ्चालन भएको दाफा प्रदर्शनीमा ४६ टोलीले सहभागिता जनाएका थिए ।

समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले बेलायती विद्वान ई. ए. पावेलले 'भक्तपुर नहेर्नेले आधा संसार नहेरेसरह हुन्छ' भन्ने अभिव्यक्ति दिएको स्मरण गर्दै भक्तपुरको ऐतिहासिक, सांस्कृतिक तथा कलात्मक महत्त्वबारे चर्चा गर्नुभयो ।

उहाँले दाफा प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएको भन्दै यस्ता कार्यक्रमहरूको अभिलेखीकरण गर्न सके नयाँ पुस्ताका लागि मार्गदर्शन र अध्ययन सामग्री बन्ने बताउनुभयो ।

खवप कलाकारहरूको सहरका रूपमा परिचित रहेको उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई शिक्षित बनाउन कलेज स्थापना गरिनुका साथै कला-संस्कृतिमा अगाडि बढाउन सांस्कृतिक प्रशिक्षणको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

उहाँले खेलकुद क्षेत्रमा समेत सकारात्मक प्रगति भइरहेको उल्लेख गर्दै जनतालाई शैक्षिक, सांस्कृतिक, खेलकुद तथा राजनीतिक रूपमा सचेत र सक्षम बनाउन निरन्तर प्रयास आवश्यक रहेको बताउनुभयो ।

देशमा विभिन्न समयमा भएका आन्दोलन र राजनीतिक घटनाक्रमबारे चर्चा गर्दै उहाँले ती विषयको गम्भीर अध्ययन र विश्लेषण आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

देश र जनताको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दाफा प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएकोमा सहभागी, स्वयंसेवक तथा सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले आफ्नो घोषणापत्रअनुसार हरेक वर्ष सांस्कृतिक प्रतियोगिता तथा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पूरा गर्दै यस वर्ष दाफा प्रदर्शनी आयोजना गरेको बताउनुभयो ।

एक दिन मात्र सञ्चालन गर्ने योजना रहे पनि ४९ वटा समूहको दर्ता भएकोले कार्यक्रम दुई दिनसम्म सञ्चालन गरिएको जानकारी दिँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गर्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुरका ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण विदेशी सहयोगबिना स्थानीय जनताको साथ र सहभागितामा सम्पन्न गरिएको जानकारी गराउनुभयो ।

"सम्पदा पुनर्निर्माणमा हामीले विदेशी सहयोग लिएका छैनौँ, जनताको सहयोग र सहभागितामै काम गरेका छौँ । यही नै भक्तपुरको पहिचान बनेको छ," उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले १७८ वटा सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न गरिएको जानकारी दिँदै यस्ता सांस्कृतिक गतिविधिले परम्परा, संस्कृति र पहिचानको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

स्वास्थ्य बीमामा देखिएका विभिन्न समस्याबारे अवगत गराउँदै उहाँले सार्वजनिक सम्पत्ति संरक्षण र संवर्द्धन गर्नु सबै नागरिकको साझा दायित्व भएको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले यो कार्यक्रम दाफा

***बाँकी पृष्ठ ८ मा***

## गोल्डेन गेट इङ्लिस स्कूलमा एसईई २०८२ का विद्यार्थीलाई सम्मान तथा बिदाइ

भक्तपुर १६ जेठ । गोल्डेन गेट इङलिस स्कूलले एसईई २०८२ का विद्यार्थीहरूको सम्मान तथा बिदाइ कार्यक्रम आयोजना गरेको छ । विद्यालयका विद्यार्थीहरूले यस वर्षको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउँदै ४.० जीपीएसम्म प्राप्त गर्न सफल भएका थिए ।

कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूको सफलतामा शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त मेहनतको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

एसईई २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीहरूलाई सम्मान गर्दै नगर प्रमुख प्रजापतिले सफलतासँगै विभिन्न चुनौतीहरूको सामना गर्न सक्ने क्षमता पनि विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले जुनसुकै विषय अध्ययन गरे पनि आफ्नो क्षमता र रुचिको सही मूल्याङ्कन गरी त्यसै क्षेत्रमा विशेषज्ञता हासिल गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले शिक्षा केवल पैसा कमाउने माध्यम नभई असल, सभ्य र जिम्मेवार नागरिक बन्ने आधार भएको उल्लेख गर्नुभयो ।

"आफ्नो व्यक्तिगत हितका लागि मात्र होइन, समाजको हितका लागि पनि काम गर्ने सामूहिक भावना विकास गर्न आवश्यक छ," उहाँले भन्नुभयो ।

नगर प्रमुख प्रजापतिले विदेशमा उच्च शिक्षा हासिल गरे पनि प्राप्त ज्ञान, सीप र अनुभवलाई देश विकासमा उपयोग गर्न स्वदेश फर्किनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

देश निर्माणका लागि सधैँ विदेशको भर पर्न नहुने भन्दै सक्षम र दक्ष जनशक्तिले नेपालको विकासमा योगदान दिनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले नेपालको विकास अरू कसैले आएर गरिदिने नभई नेपालीहरू स्वयं सक्रिय रूपमा लाग्नुपर्ने बताउनुभयो ।

उहाँले योग्य, दक्ष र मेहनती विद्यार्थीका लागि अवसरको कमी नहुने र त्यस्ता व्यक्तिहरू बेरोजगार बस्नुपर्ने अवस्था नआउने धारणा व्यक्त गर्नुभयो ।

उहाँले प्रशंसाभन्दा आलोचनाबाट बढी सिक्न सकिने उल्लेख गर्दै आलोचनाले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्ने अवसर प्रदान गर्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले उच्च शिक्षाका अधिकांश अवसरहरू भक्तपुरमै उपलब्ध गराउने वातावरण निर्माण गरेको जानकारी दिनुभयो । गुणस्तरीय विद्यालय, कलेज तथा प्राविधिक शिक्षाका संस्थाहरूको विकासमार्फत भक्तपुरलाई शिक्षा, ज्ञान र विज्ञानको केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यका साथ नगरपालिकाले काम गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले गोल्डेन गेट विद्यालयसँग आफ्नो विशेष भावनात्मक सम्बन्ध रहेको बताउनुभयो ।

"मैले पनि यस विद्यालयमा करिब ६ महिनाजति अध्यापन गराउने अवसर पाएको थिएँ। त्यसैले यस विद्यालयसँग मेरो भावनात्मक लगाव छ," उहाँले भन्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ३

काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारीले आयोगको अनुसन्धान समितिसमक्ष बयान गर्दा "मैले सबै प्रक्रिया पूरा गरेर कर्फ्यु लगाएको हुँ । गोली चलाउने (Live Firing) आदेश दिएको छैन । घुँडामुनि रबरको गोली चलाउने आदेश प्रहरी प्रमुखमार्फत दिएको हुँ" भनी स्पष्ट बयान गरेको देखिन्छ ।

आयोगको अनुसन्धान टोलीले संलग्न गरेको विवरणअनुसार भदौ २३ गते बेलुकासम्म काठमाडौँको बानेश्वर क्षेत्र र अन्य ठाउँमा १९ जना र विभिन्न अस्पतालमा उपचारको क्रममा २३ जनासमेत जम्मा ४२ जनाको मृत्यु भयो । Forensic Science and Ballistic report अनुसार मृत्यु हुने धेरै व्यक्तिको टाउको, घाँटी, छातिमा ५.५ mm धातुको गोली लागेको देखिन्छ भने थोरैको ७.७ mm धातुका गोली र एक जनालाई रबर बुलेट लागेर मृत्यु भएको देखिन्छ । त्यस्तो ५.५ mm र ७.७ mm का धातुका गोली घुँडामुनि नलागेर अधिकांशको छाती, टाउकोजस्ता संवेदनशील अङ्गमा लागेको देखिन्छ ।

समानुपातिक बल प्रयोगसिद्धान्तको दृष्टिबाट हेर्दा हिंसामा उत्रिएका प्रदर्शनकारीहरूसँग कुटो, पिक, पेट्रोल बमजस्ता घरेलु हतियार थिए भने सुरक्षा फौजले SLR, Insas जस्ता युद्ध क्षेत्रमा प्रयोग हुने हतियार प्रयोग गरेको देखिन्छ । साथै प्रत्यक्षदर्शीको भनाइ CCTV फुटेज र Video हेर्दा संसद् भवनमा तोडफोड गर्ने व्यक्तिलाई गोली नलागी संसद् भवनको दक्षिण र पश्चिम सडक पारी हिँडिरहेका निर्दोष व्यक्तिलाई गोली लागेको यथार्थ नकार्न सकिएन । यस अर्थमा समानुपातिक बलको सिद्धान्तअनुसार "जनधनको क्षति हुनबाट जोगाउन बल प्रयोग गरेको" भन्ने सुरक्षा फौजको जिकिरसँग सहमत हुन सकिएन । साथै भदौ २३ गते बानेश्वर क्षेत्रमा सुरक्षाफौजले भिड व्यवस्थापन गर्ने सिलसिलामा प्रयोग गरेको बल 'अन्तर्राष्ट्रिय मानव अधिकारको सिद्धान्तअनुकूल' थियो भनी मान्न सकिएन । यसर्थ, काठमाडौँ जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी तथा भिड व्यवस्थापनमा खटिएका सुरक्षा निकायको जिकिरका आधारमा मात्र मानव अधिकार संरक्षणप्रतिको दायित्वबाट निजहरूले उन्मुक्ति पाउन सक्ने अवस्था हुँदैन ।

भदौ २४ गते बिहान ८ बजेदेखि नै कर्फ्यु लगाइए पनि प्रदर्शनकारीहरू सङ्घीय संसद् बानेश्वर, सिंहदरबार, माइतीघरलगायत काठमाडौँका सबै स्थान र देशैभरी कर्फ्युको अवज्ञा गर्दै प्रदर्शनमा उत्रिएको पाइन्छ । बिहानको करिब १० बजेदेखि देशैभरि विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ताका घर, निजी व्यावसायिक प्रतिष्ठान, डिपार्टमेन्ट स्टोर, नेपाल बार एसोसियसनलगायत पेशागत सङ्घ-संस्थाका कार्यालय,

***बाँकी पृष्ठ ८ मा***

**व्यङ्ग्यचित्रको कुनो**





**अरनिको राजमार्ग कालोपत्रे गरिँदै**

अरनिको राजमार्गअन्तर्गत बिस्तार भइरहेको काभ्रेपलाञ्चोकको साँगा-धुलिखेल सडकखण्डको बनेपास्थित बुडोल क्षेत्रमा कालोपत्रे गरिँदै । बिस्तारित सडकको विभिन्न स्थानमा कालोपत्रे गर्न तयारी अवस्था रहे पनि 'बिटुमिन' अभावका कारण ढिलाइ भएको सूर्यविनायक-धुलिखेल सडक आयोजनाले जनाएको छ ।

*तस्बिर: राजकुमार पराजुली/रासस*

# नीति र नियममा सञ्चालन भएका सहकारी संस्था विश्वसनीय हुने




भक्तपुर, १६ जेठ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजना तथा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा अनिवार्य शिक्षा शिविर कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा अतिथि गोसाईले सदस्यहरूलाई आर्थिक वित्तीय शिक्षा प्रदान गर्दै जानुपर्ने आवश्यकता औंल्याउँदै सिद्धि गणेश साकोसले नियमित रूपमा सदस्यहरूको लागि शिक्षा शिवर सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले नीति नियम सङ्गतमा सञ्चालन भएका सहकारी संस्था विश्वसनीय हुने बताउँदै संस्थाप्रति विश्वास कायम राख्न निरन्तर सञ्चालक र व्यवस्थापनले सोही अनुरुपको कार्य गर्दै जान सचेत गर्नुभयो । उहाँले आर्थिक कारोबार हुने स्थानमा सावधानी अपनाउन अति आवश्यक हुने बताउनुभयो ।

उहाँले गरिबीको मुख्य कारण स्वदेशमा उत्पादन कमी र आयातमा वृद्धि हुनु हो भन्दै सरकारले उत्पादनलाई जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सहकारिता र सहकारी सिद्धान्तबारे जानकारी दिँदै हालै जारी भएको अध्यादेशमा सहकारी क्षेत्रलाई सामाजिक सेवा प्रदान गर्न बञ्चित गर्ने प्रकृतिका निर्देशनहरू जारी भएको उल्लेख गर्नुभयो ।

संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले सहकारी तथा संस्थाबारे जानकारी दिने हेतुले कार्यक्रम आयोजना गरिएको बताउँदै झूटा आश्वासन दिई संस्थाको सदस्यता वितरण गर्न नहुने उल्लेख गर्नुभयो । उहाँले संस्था स्थापनाकालदेखि नीति नियमको पालना गरी सामाजिक क्रियाकलापहरूमा सक्रिय रहेको चर्चा गर्नुभयो ।

संस्थाका वित्त तथा प्रशासन अधिकृत चन्द्रप्रसाद दुमरुले संस्थाको सेवा सुविधाबारे जानकारी दिँदै विगतमा मलको हाहाकार भएको अवस्थामा संस्थाले सहुलियतमा मल वितरण गरी सदस्यहरूलाई राहत प्रदान गरेको स्मरण गर्नुभयो । उहाँले गैरकानुनी रूपमा सम्पत्ति शुद्धीकरण नगरेको अवस्थामा सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्न डराउन नहुने बताउनुभयो । कार्यक्रममा उपसमितिका सचिव किरण बनमालाले पनि बोल्नुभएको थियो ।

**दुईदिने साकोस व्यवस्थापन तालिम सम्पन्न**

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको आयोजनामा शनिबार दुईदिने साकोस व्यवस्थापन तालिम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

तालिमको समापन कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सहकारीका सञ्चालकहरूमा हुनुपर्ने क्षमता र साकोस व्यवस्थापन गर्न आवश्यक सीप एवं ज्ञानको जानकारी दिने हेतुले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले तालिम सहजीकरण गर्नुभएका सहजकर्ताहरूलाई धन्यवाद व्यक्त गर्दै तालिममा सहभागी सदस्यहरूलाई प्रमाण-पत्र वितरण गर्नुभएको थियो ।

तालिममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरुले सुशासन सञ्चालक र व्यवस्थापनलाई उत्तरदायी बनाउने संरचना र प्रकृया रहेको बताउनुभयो । उहाँले सहकारी संस्था समस्यामा पर्नुको मुख्य कारण सञ्चालक एवं व्यवस्थापनमा सुशासन नहुनु हो भन्दै समुदायमा आधारित दिगो, भरपर्दो र प्रतिस्पर्धी तथा समुदायको पहिलो छनोटको वित्तीय संस्था बनाउने लक्ष्य, उद्देश्य र ध्येयका साथ सञ्चालक र व्यवस्थापन अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

तालिममा संस्थाका सञ्चालक सदस्य कृष्णगोविन्द लाखाजुले बाग्मती प्रदेशमा हाल ३२३३ सहकारी संस्था रहेकोमा १२५० सहकारी संस्थाले मात्र आफ्नो विवरणहरू अपडेट गरेको पाइएको र ४२० वटा सहकारीविरुद्ध उजुरी रहेको जानकारी दिनुभयो । उहाँले कानुन संशोधनबारे जानकारी नहुँदा हालसम्म सहकारी संस्थाहरूले गैरसदस्यहरूसँग आर्थिक कारोबार गर्ने प्रचलन रहेको चर्चा गर्नुभयो । उहाँले सन्दर्भ ब्याजदरभन्दा बढी ब्याज प्रदान गर्नु खराब सहकारीको पहिचान रहेको बताउँदै सहकारी ऐनमा आएका संशोधन र २०८३ सालको अध्यादेशका विशेषताहरूबारे प्रस्ट पार्नुभएको थियो ।

तालिममा संस्थाका सञ्चालक सदस्य रामचन्द्र दुमरुले ऋण व्यवस्थापनसम्बन्धी प्रस्तुति दिँदै सहकारी संस्थामा कार्य गर्न इमानदार र पारदर्शी भई गर्नुपर्ने बताउनुभयो । उहाँले सञ्चालक समितिले कुनै निर्णय गर्नुपूर्व गहन छलफल गरी सदस्य र संस्थाको हितको लागि मात्र निर्णय गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले संस्थाको कोष परिचालन, भौतिक र नैतिक मूल्य विकास, व्यवसायिक विकास, सदस्यको आर्थिक अवस्था सुधार र सदस्यलाई उद्यमी बनाउन प्रोत्साहन गर्ने उद्देश्यले मात्र ऋण प्रदान गर्नुपर्ने बताउनुभयो ।

तालिमको समापन कार्यक्रममा संस्थाका वित्त तथा प्रशासन अधिकृत चन्द्रप्रसाद दुमरु , कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजु तथा तालिमका प्रशिक्षार्थी पशुपतिमान थकुले पनि बोल्नुभएको थियो ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८३/०१/१० का दिन भक्तपुरको आदर्श क्याम्पस अगाडि मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम** : निशल सिंगार
**रजिस्ट्रेसन नं.** : ८१३२६०१२०३९४
**सिम्बोल नं.** : ९२६००५८८
**सिरियल नं** : M 1704456
**सम्पर्क नं.** : ९८०१०२७७६१

# सहकारी अध्यादेश-२०८३ बारे सदस्यहरूबिच छलफल




भक्तपुर, १६ जेठ । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजनामा सदस्यहरूलाई वित्तीय रूपमा सहकारी अध्यादेश-२०८३ बारे सदस्यहरूलाई जानकारी गराउने उद्देश्यले शनिबार सदस्य शिक्षा शिविर सम्पन्न गरियो ।

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालले हाल चर्चा परिचर्चा भइरहेको सहकारी अध्यादेश, राष्ट्रिय सहकारी प्राधिकरणबाट जारी निर्देशन, कर्जा सूचना केन्द्र, सहकारी ऐन, कानुनसम्बन्धी जानकारी गराउनुभयो । उहाँले बैङ्क वित्तीय सङ्घ संस्थाहरूमा भइरहेको वित्तीय सङ्कुचन, आर्थिक सङ्कट, व्यापार व्यवसायमा कमीले गर्दा लगानीमा कमी आएको विचार व्यक्त गर्नुभयो । सदस्यले नियमित मासिक बचत गर्नुपर्ने र सचेत सदस्यको रूपमा जागरुक भई सहकार्य गर्न उहाँले अनुरोध गर्नुभयो ।

शिक्षा शिविरमा संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले संस्थाका सदस्यहरूलाई वित्तीय साक्षरता गराउने क्रममा देशमा आम्दानी गर्न सक्ने विभिन्न थरीका व्यवसाय, आम्दानी गर्ने अचुक उपाय, आवश्यक तथा अनावश्यक खर्च छुट्याई बचत गर्ने तरिका, ऋण कसरी लिने, तिर्ने तथा लगानी गर्ने विभिन्न तरिकाबारे र त्यसका जोखिमका क्षेत्रहरू पहिचान गर्ने तरिकाबारे जानकारी गराउनुभयो । संस्थाले गर्दै आइरहेका गतिविधि र भावि आउने कार्यक्रमबारे जानकारी गराउँदै उहाँले सहकारी ऐनअन्तर्गतका सहकारी ऐन २०७४, २०८१, २०८३ मा भएका संशोधित विषयवस्तुलाई ध्यानमा दिई प्रस्तुति दिनुभएको थियो ।

शिक्षा उपसमितिका सभापति विश्वराम त्वायनाले समापनको क्रममा सदस्यले सदस्यमुखी संस्थाको पहिचान गर्नुपर्ने, सदस्यको जिम्मेवारी निभाइ मासिक नियमित बचत गर्नुका साथै सदस्य अद्यावधिक (KYM) अनिवार्य रूपमा गर्न र सकारात्मक सल्लाह सुझाव दिनुहुन अनुरोध गर्नुभएको थियो । कार्यक्रममा शिक्षा उपसमितिका सदस्य रवेन्द्र सुवालले उद्घोषण र रोजिस त्वातीले स्वागत गर्नुभएको थियो ।

# गुरु गणेश सहकारीद्वारा 'सहकारी व्यवस्थापन तालिम' सम्पन्न

भक्तपुर, १६ जेठ । चोफल, भक्तपुर-९ मा अवस्थित गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा 'सहकारी व्यवस्थापन तालिम' सम्पन्न भएको छ ।

संस्थाका सभापति एवं अध्यक्ष कृष्णराम कासिछ्वाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन अध्यक्ष कासिछ्वाबाटै गरिएको थियो । उहाँले सहकारीको समग्र अवस्था र कार्यदिशाबारे जानकारीसहित धन्यवाद दिनुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार रामकृष्ण प्रजापतिले तालिमको महत्त्व र आवश्यकताबारे चर्चा गर्दै आफ्नो भनाइ राख्नुभएको थियो । सहकारी अध्यादेश २०८३ ले सञ्चालक, लेखा समिति र ऋण उपसमितिलाई जिम्मेवारी बनाउने गरी निक्षेप फिर्ता गर्न नसके र ऋण दुरुपयोग गरे सम्पत्ति रोका र विभिन्न सिफारिसहरू रोक्कासमेत गर्ने भएकोले सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले कृतिम बौद्धिकताले धेरै कुरा जानकारी दिए पनि दुरुपयोगले कानुनी फन्दामा पर्न सक्नेबारे पनि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न र देश र जनताको हितमा सहकारी सदस्यको उन्नति र प्रगतिमा प्रयोग गर्नुपर्ने बताउनुभयो ।

तालिमको मुख्य सत्रमा प्रशिक्षक राधेश्याम दुवालले 'सहकारी अध्यादेश २०८३' तथा कानुन परिपालनामा सञ्चालक र कर्मचारीहरूको भूमिकाबारे प्रकाश पार्नुभएको थियो । उहाँले सहकारीभित्र आन्तरिक व्यवस्थापन प्रणालीलाई कसरी सुदृढ बनाउने भन्ने विषयमा विस्तृत प्रशिक्षण दिनुभयो ।

आधुनिक प्रविधिको सन्दर्भ जोड्दै प्रशिक्षक बालकृष्ण ध्वजूले सहकारी क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) को प्रयोग, यसको उपादेयता र डिजिटल रुपान्तरणका उपयोगी तरिकाहरूबारे तालिम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको सुरुमा संस्थाकी कोषाध्यक्ष तुल्सीकेशरी छुजुले स्वागत मन्तव्य राख्नुभएको थियो । उहाँले संस्थाको हालको आर्थिक कारोबार र वित्तीय स्थितिका बारेमा स्पष्ट पार्दै नाफा २४ लाख, वासलात १२ करोड र १२६७ जना सदस्य भएको बताउनुभयो ।

तालिम कार्यक्रमको सञ्चालन संस्थाका प्रबन्धक गौतम कुटुवाजूले गर्नुभएको थियो ।

**हार्दिक समवेदना**



जन्म : २०२३।०१।१०
निधन : २०८३।०२।०६

नेपाल मजदुर किसान पार्टीका अति मिलनसार, सकृय तथा जुझारू कार्यकर्ता **धिरराम महर्जन**को २०८३/०२/०६ गते असामयिक निधन भई अपूरणीय क्षति पुगेको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
चन्द्रागिरि नगर समिति, काठमाडौं

**नेपाल मजदुर किसान पार्टी**
बलम्बु-१२, एकाइ समिति, चन्द्रागिरि, काठमाडौं

# पुराना किसान कार्यकर्ता बेखानारायण महर्जनको निधन



काठमाडौँ, १६ जेठ । काठमाडौँ महानगरपालिका वडा नं. २६ निवासी पुराना किसान कार्यकर्ता बेखानारायण महर्जनको निधन भएको छ । लामो समयदेखि स्वासप्रस्वासको समस्याले उपचार गर्दै आउनुभएका महर्जनको टोखा नपास्थित ग्राण्डी अस्पतालमा शुक्रबार दिनको १ बजे निधन भएको हो । नेपाल मजदुर किसान पार्टीको भ्रातृ सङ्गठन नेपाल क्रान्तिकारी किसान सङ्घ पूर्वजिल्ला सदस्य एवं नेमकिपा काठमाडौँ जिल्लाका पूर्वजिल्ला सदस्य महर्जनले काठमाडौँ जिल्लामा पार्टीको सङ्गठन विस्तार, किसानहरूको समस्यालाई लिएर सङ्घर्ष गर्नुभएको थियो ।

पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्षमा कार्यकर्तालाई आश्रयस्थलको रूपमा जिम्मेवारी बहन गरेका उहाँ जुझारु कार्यकर्ता हुनुहुन्थ्यो ।

नेमकिपाको लागि त्यौदस्थित आफ्नो घरमा र ठमेलस्थित गल्को पाखाको रहेको घरमा पार्टी कार्यालय खोल्न उहाँले सहयोग गर्नुभएको थियो । वि.स. २००१ मा जन्मनुभएका महर्जनको तीन छोरा र दुई छोरी हुनुहुन्छ । उहाँको पार्थिव शरीर ढल्कोस्थित घाटमा अन्त्येष्टि गरिएको थियो । पार्थिव शरीरमा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवाल र केन्द्रीय सदस्य हरिशरण श्रेष्ठले किसान सङ्घ र पार्टीको झण्डा ओढाई अन्तिम बिदाइ गर्नुभएको थियो ।

# निरन्तर प्रयास नै सफलताको सूचक



भक्तपुर, १६ जेठ । भक्तपुर नगरपालिका २ नं वडा युवा तथा खेलकुद समितिको आयोजनामा वडाव्यापी कसिमला पाँय् तथा विद्यालयस्तरीय दौड प्रतियोगिताको पुरस्कार वितरण तथा समापन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगर खेलकुद समितिका पूर्वसंयोजक तथा साबिक १५ वडाका पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले जीवनमा कुनै पनि कामको निरन्तरता नै सफलताको सूचक हुने धारणा राख्दै खेलाडीहरूले विभिन्न पेसा व्यवसायमा लागे पनि खेललाई निरन्तरता दिनुपर्ने सुझाव दिनुभयो ।

खेलाडीहरू अनुशासित हुनु जरूरी भएको उल्लेख गर्दै उहाँले खेल सँगसँगै अध्ययनलाई पनि निरन्तरता दिनु जरूरी भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका २ नं वडाका वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडाका विकास निर्माण र वडाले गर्दै आएका विविध गतिविधिबारे जानकारी दिनुभयो ।

कार्यक्रममा नेमकिपा २ नं वडा समितिका प्रतिनिधि गणेशप्रसाद सुवालले नगरपालिकाका जनप्रतिनिधिहरूलाई पार्टीको घोषणापत्रअनुसार कार्य गर्न गराउन घच्घच्याउँदै आएको बताउनुभयो ।

कार्यक्रम २ नं. वडा युवा तथा खेलकुद समितिका संयोजक पुण्यराम स्वंगमिखाको सभापतित्वमा भएको थियो ।

कसिमला पाँय् प्रतियोगितामा शारदा मा.वि.का सुजेन खर्बुजा न्ह्यछेभगत सुवाललाई पराजित गर्दै विजयी भए । छात्रा ४०० मिटर दौडमा बासु मा.वि.की रमिता शाही पहिलो, जेसिस सेकेन्डरी स्कूलकी प्रशंसा गोठे दोस्रो र हिमालयन ग्लोरी इ.सेकेन्डरी स्कूलकी आकृति सुवाल तेस्रो हुन सफल भए भने छात्र ४०० मिटर दौडमा एभरेस्ट इ.स्कूलका रिपेन्द्रराज अमात्य पहिलो, जेसिस सेकेन्डरी स्कूलका आरब गोठे दोस्रो र बासु मा.वि.का निखिल गिरी तेस्रो हुन सफल भए । छात्रा ८०० मिटर दौडमा जेसिस सेकेन्डरी स्कूलकी सिल्भी नागा पहिलो, बासु मा.वि.की सुजाता शाही दोस्रो र जेसिस से.स्कूलकी परिना लाखे तेस्रो हुन सफल भए । छात्र ८०० मिटर दौडमा जागृति मा.वि.का विजय तामाङ पहिलो, शारदा मा.वि.का कपिल बरूवाल दोस्रो र शारदा मा.वि.कै आकाश बुढामगर तेस्रो हुन सफल भए । विजयी खेलाडीहरूलाई प्रमाण-पत्र, शिल्ड, मेडलले पुरस्कृत गरियो भने निर्णायक रेफ्रीहरूलाई प्रशंसा-पत्र वितरण गरियो । कसिमला पाँय् प्रतियोगितामा २२ छात्रा तथा ३८ छात्र गरी ६० खेलाडी सहभागी रहेको जानकारी अजेन्द्रकुमार लघुले दिनुभयो ।



**जलजलामा आन्तरिक पर्यटक**

म्याग्दी जिल्लाको धवलागिरी गाउँपालिका - २ मा पर्ने पर्यटकीयस्थल जलजलामा पुगेका आन्तरिक पर्यटकहरू । धवलागिरी गाउँपालिकाको केन्द्र मुना-खोरिया-जलजला हुँदै ढोरपाटन सडक सञ्जालले जोडिएपछि यस क्षेत्रमा पर्यटकहरूको आगमन बढेको छ । *तस्बिर : कमल खत्री/रासस*

# 'साहित्य मानवजीवनको यथार्थता प्रतिबिम्बित गर्ने माध्यम हो'

नारायणगढ (चितवन), १६ जेठ । जिल्लाको भरतपुरमा आजदेखि दोस्रो बागमती साहित्य महोत्सव सुरु भएको छ । बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको संयोजन तथा विभिन्न सङ्घसंस्थाको सहकार्यमा 'साहित्य, कला र संस्कृतिको प्रवर्द्धन, बागमती सभ्यताको सम्वर्द्धन' भन्ने नारासहित महोत्सव सुरु भएको हो ।

महोत्सवको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले साहित्य मानिसको जीवनको यथार्थता प्रतिबिम्बित गर्ने माध्यम भएको बताउनुभयो । "जन्म र मृत्यु जसरी यथार्थ हो, साहित्य त्यसैगरी यथार्थ हो । जन्मसँग पीडा जोडिएको हुन्छ भने मृत्युको क्षणमा पनि पीडा हुन्छ । साहित्य त्यही पीडा, यथार्थ र शक्तिको प्रतिबिम्ब हो", उहाँले भन्नुभयो ।

मुख्यमन्त्री बानियाँले साहित्यबाट ज्ञान प्राप्त हुने र ज्ञानसँगै विज्ञानको विकास हुने उल्लेख गर्दै पछिल्लो समय कला, संस्कृति, साहित्य तथा सम्पदाको संरक्षण र प्रवर्द्धनमा प्रदेश सरकार निरन्तर लागिरहेको बताउनुभयो । परम्परा र संस्कृतिको जगेर्ना गर्नु राज्य सञ्चालनकर्ताको मूल दायित्व भएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले बागमती प्रदेशभित्रका भाषा, लिपी, संस्कृति, संस्कार र साहित्यको संरक्षण तथा प्रवर्द्धनमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो । साहित्यलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न प्रदेश सरकारले आवश्यक व्यवस्थापन र सहयोग गरिरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले महोत्सव आयोजना गर्न विभिन्न साहित्यिक सङ्घसंस्था तथा व्यक्तित्वहरूको योगदान प्रशंसनीय रहेको बताउनुभयो । उहाँले चितवनसँगै बागमतीको मौलिक नाच, सांस्कृतिक सम्पदा र परम्पराको साहित्यसँगै प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मन्त्री श्रेष्ठले साहित्य र पर्यटनबिचको सम्बन्धलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिँदै भन्नुभयो, "चितवन पर्यटनको दृष्टिले अत्यन्त सम्भावनायुक्त जिल्ला हो । साहित्यिक कार्यक्रममार्फत देश, विदेशका पर्यटकलाई यहाँको कला, संस्कृति, साहित्य र सम्पदाबारे जानकारी गराउन सकिन्छ ।"

बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री विनु रायमाझी पौडेलले नेपाल प्रकृति र संस्कृतिको मौलिक पहिचान बोकेको देश भएको उल्लेख गर्दै कला र साहित्य राष्ट्रको आत्मा भएको बताउनुभयो । साहित्यले समाजलाई सचेत र जागरूक बनाउने उहाँको भनाइ छ ।

भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले महानगरले साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । महोत्सव भरतपुरमा आयोजना हुनु गौरवको विषय भएको उल्लेख गर्दै उहाँले साहित्यकारको योगदानले लोपोन्मुख सांस्कृतिक मूल्य र परम्पराको संरक्षणमा टेवा पुगेको बताउनुभयो । उहाँले भौतिक पूर्वाधारको विकाससँगै ज्ञान, चेतना, कला र साहित्यको विकास समान रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य गीता गुरुङ, डा. लक्ष्मणप्रसाद गौतम, रत्ननगर वाङ्मय प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष रामबाबु घिमिरे तथा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रम भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका सचिव बालकृष्ण थपलियाले सञ्चालन गर्नुभएको थियो भने प्रतिष्ठानका अध्यक्ष नारायणप्रसाद खनालको सभापतित्वमा औपचारिक कार्यक्रम सम्पन्न भएको थियो ।

दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा साहित्यका विभिन्न विधासम्बन्धी छलफल, बहस तथा अन्तरक्रिया कार्यक्रम भइरहेका छन् । महोत्सव विभिन्न सत्र, विचार-विमर्श र साहित्यिक गतिविधिसहित आइतबार सम्पन्न हुनेछ । यसअघि बागमती प्रदेशस्तरीय साहित्यिक भेला धादिङमा आयोजना गरिएको थियो । रासस

# पाँचखाल 'सेज' मा महिला उद्यमीलाई प्राथमिकता

काभ्रेपलाञ्चोक, १६ जेठ । पाँचखालमा निर्माणाधीन विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज) मा महिला उद्यमीलाई सरकारले प्राथमिकता दिने भएको छ । सङ्घीय संसद्को संयुक्त बैठकमा शुक्रबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा महिला उद्यमीलाई प्राथमिकता दिइने व्यवस्था उल्लेख गरिएको हो ।

पाँचखालस्थित सेजमा महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्ने वाग्लेले बताउनुभयो । "यसका साथै सेजलाई कर, भन्सार, आयात-निर्यात र लगानीको सम्पूर्ण निर्णय एउटै स्थानबाट हुने विशेष आर्थिक प्रशासन क्षेत्रको व्यवस्था मिलाउनेछौँ", उहाँले बजेट वक्तव्यमा भन्नुभयो ।

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-७ र ८ मा स्थापना गरिएको सेजको मुख्य प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ भने अन्य पूर्वाधार निर्माणाधीन अवस्थामा छन् । सेजको भवन करिब आठ वर्षअघि निर्माण सुरु गरिएको हो ।

सरकारले १३ वर्षअघि पाँचखालमा सेज निर्माण घोषणा गरे पनि औपचारिक रूपमा विसं २०७५ मा मात्रै जग्गा प्राप्त गरी काम थालिएको थियो । निर्यातजन्य उद्योगको स्थापना गरी व्यापार घाटा कम गरी औद्योगिकीकरणमार्फत अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले विसं २०६८ भदौ २७ गतेको मन्त्रिपरिषद् बैठकले पाँचखालमा सेज स्थापना गर्ने निर्णय गरेको थियो । जग्गा प्राप्ति तथा रूख कटानमा ढिलाइ भएकाले सेज निर्माणमा ढिलाइ भएको थियो ।

तत्कालीन सरकारले सेज स्थापनार्थ वन मन्त्रालयमार्फत तत्कालीन होक्से गाउँ विकास समितिको देवीस्थान सामुदायिक वनको ६०० रोपनी र शिखरपुर सामुदायिक वनको ४०० रोपनी गरी एक हजार रोपनी जमिन उपलब्ध गराएको थियो ।

विस्तृत परियोजना रिपोर्ट (डिपिआर) अनुसार सेज निर्माण गर्न करिब रु १४ अर्ब खर्च हुने अनुमान गरिएको छ । पाँचखालमा सेज निर्माण योजनामा प्रशासनिक भवन, सेवा भवन, सीमा-पर्खाल, बाल उद्यान, फोहर पानी प्रशोधन केन्द्र, रिफ्रेसमेन्ट सेन्टर, सार्वजनिक शौचालय, सवारीसाधन पार्किङ, खानेपानी ट्याङ्की निर्माण, खानेपानी प्रशोधन केन्द्र, विद्युत्को सबस्टेसनलगायत संरचना निर्माण गरिने उल्लेख छ । सेजमा ५२ निर्यातजन्य उद्योग स्थापना गर्न सकिनेछ ।

सेजमा विशेषगरी चिया, कफी, अदुवा, अलैँची, आयुर्वेदिक औषधि, दुग्ध पदार्थलगायत कृषि, खनिज, आइटी र चीनबाट कच्चा पदार्थ ल्याएर प्रशोधन गर्ने उद्योग बढी सम्भाव्यता देखिएको जनाइएको छ । सेज सञ्चालनबाट करिब तीन हजारलाई रोजगारी दिने लक्ष्य राखिएको छ ।

रासस

# राइड-सेयरिङ सेवामा एक प्रतिशत अग्रीम कर

काठमाडौँ, १६ जेठ । सरकारले आर्थिक विधेयक २०८३ मार्फत् राइड-सेयरिड सेवामा अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । आर्थिक विधेयकमार्फत् आयकर ऐनको दफा ९५ मा संशोधन गर्दै सरकारले यस्तो व्यवस्था ल्याएको हो ।

"बासिन्दा राइड-सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड-सेयरिङ अपरेटर) ले आफ्नो प्लेटफर्ममा आवद्ध भई कुनै सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई प्रदान गरेको सेवावापतको रकमका एक प्रतिशतका दरले अग्रीम कर असुल गर्नुपर्नेछ", आर्थिक विधेयकमा उल्लेख छ । रासस

।सम्पादकीय।

## दललाई सरकारी अनुदान सैद्धान्तिक र व्यवहारिक रूपमा गलत

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले 'राष्ट्रिय' मान्यता प्राप्त राजनीतिक दलहरूलाई सरकारी अनुदान दिने नीति लिएको छ। दलले पछिल्लो निर्वाचनमा प्राप्त गरेको मतको आधारमा देशको राज्यस्रोत बाँड्ने नीति सैद्धान्तिक र व्यवहारिक रूपमा उचित छैन। कर्मचारीलाई तलब खुवाउन देशको आयस्रोतले नभ्याएको बेला राजनीतिक दललाई अनुदान दिने सरकारी नीति उचित होइन। तलब खुवाउन नसकेरै चार मन्त्रालय, ३१ निकाय खारेज र ६ निकाय मर्जर गरेर प्रशासनिक खर्च घटाउन लागेको सरकारले राजनीतिक दललाई अनुदान दिएर पाल्ने कुरा कुनै पनि दृष्टिले सही होइन। के कुनै राजनीतिक दललाई अनुदान दिन नै बजेटमा कार्यालय, विभाग तथा दरबन्दी कटौती गरिएको हो ?

मुलुकको अर्थतन्त्र कमजोर भएको बेला दलले सरकारको लागि सहयोग गर्नुपर्ने बेला सरकारबाट अनुदान लिएर देशको राजस्व रित्तो पार्ने काम नेपालजस्तो गरिब देशको लागि सुहाउँदैन। अनुदान भ्रष्टाचार अन्त्य गरी सुशासनको निम्ति जेनजी आन्दोलनको क्रममा सहिद भएका युवा-विद्यार्थीहरूको मर्म र भावनाविपरीत छ। के उनीहरूको त्याग र बलिदान देशको राज्यस्रोत राजनीतिक दलहरूलाई पोस्न हो ? जेन-जीहरूको प्रतिनिधित्व गर्ने राजनीतिक दल रास्वपालाई त यो कदम झन् सुहाउँदैन। गलत कार्य गरेर गलत सन्देश जाने काममा कुनै राजनीतिक दलसँग बहस गर्नुपर्ने होइन या त्यो बहसको विषय होइन। अनुदान दिने सरकारी नीतिको अरु सबै दलले विरोध एवं भर्त्सना गर्नुपर्छ। उक्त सरकारी नीति सरकारले पुनः विचार गरेर खारेज गर्नुपर्छ।

राजनीतिक दललाई अनुदान दिएर कुनै दलले चन्दा या सहयोग लिँदैन भन्ने कुरा होइन। राजनीतिक दल जनताबाट बनेको हो। राजनीतिक दल सरकारको निकाय होइन। विद्यार्थी र शिक्षकले राजनीति गरे भनेर राजनीति गर्न नपाउने गरी प्रजातन्त्रकै उपहास गर्न लागेको सरकारले अब राजनीतिक दललाई पाल्ने कुरा कसरी सही हुन्छ ? आज सरकारले राजनीतिक दलको लागि अनुदानको व्यवस्था गर्छ भने भोलि राजनीतिक दलको लागि कार्यालय खोल्न जग्गाको व्यवस्था गर्न र पार्टी कार्यालय बनाउन आर्थिक सहयोग गर्न बेर लाग्दैन। यो नीति विगतमा पनि ठुला राजनीतिक दलले ल्याएको थियो। राजनीतिक दल, नागरिक समाज र जनताको व्यापक विरोध भएपछि हटाइएको थियो।

सरकारी बजेटमा वैदेशिक ऋण २ खर्ब ४७ अर्ब २९ करोड र आन्तरिक ऋण ४ खर्ब १० अर्ब गरी ६ खर्ब ५७ अर्ब २९ करोड ऋण लिनुपर्ने अनुमान गरिएको छ। देशको कुल बजेट २१ खर्ब २४ अर्ब र ३४ करोड छ। यस हिसाबले देशको बजेट झण्डै ३३ प्रतिशत ऋणमा अडेको छ। यसरी आन्तरिक र वैदेशिक ऋणको भरमा बनेको देशको बजेटमा राजनीतिक दलले अनुदान लिएर राइँदाइँ गर्ने कुरा सोह्रै आना गलत छ। अझ बजेटमा ६१ अर्ब ७४ करोड वैदेशिक ऋण लिनुपर्ने अनुमान गरिएको छ। दलले सरकारी अनुदान लिएर सरकारको उद्देश्य पूरा हुनेछैन। यसले जथाभावी चन्दा उठाउने प्रवृत्ति रोक्दैन। अनुदान लिएर 'राष्ट्रिय' दलले समान अवसर पनि पाउँदैन। सरकारी निकायबाट लेखा परीक्षण गर्दैमा त्यो कदम सही हुने होइन। के अनुदान लिएर दलले समान अवसर पाउँछ ? यसको लागि मात्र राजनीतिक दलसम्बन्धी विधेयक पारित गर्नु आवश्यक छैन। ठुला राजनीतिक दलकै दबाबमा पहिले निर्वाचन आयोगले तयार पारेको राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयक पनि गलत थियो।

राजनीतिक भागबन्डा, नीतिगत भ्रष्टाचार र अनियमितताको विरोध गर्न जागेका, लागेका रास्वपाबाट निर्वाचित सांसदहरू अनुदान दिने सरकारी नीतिको विरोधमा उत्रनुपर्छ। पार्टीको  कारण पार्टी कार्यकर्ता र सांसदहरूको इज्जत र प्रतिष्ठानमा आँच पुऱ्याउने सो कदमविरुद्ध लाग्नुपर्छ। राजनीतिक दलले सरकारी अनुदान लिएर देशमा सुशासन हुनेछैन। सरकारले संविधान संशोधनमा तीन प्रतिशतको प्रावधान या मतसीमा नै खारेज गर्नुपर्ने बेला त्यही मतसीमामा टेकेर अनुदान लिने सरकारको उद्देश्य सही होइन। 'राष्ट्रिय' दल ठुलो दल बनेर हुने होइन। ठुलो दलले नै विगतमा देशघाती र जनविरोधी सन्धि सम्झौता गरेको थियो। देशलाई पराधीन बनाउने, विदेशी शक्ति राष्ट्रको दबाबमा शासन सञ्चालन गर्ने, देशको बजेट तयार गर्न ऋण लिन बाध्य भएको सरकारले देशको अनुदान लिनु कसरी न्यायोचित कदम हुन्छ ? राजनीतिक दलले सरकारी अनुदान लिए पनि नलिए पनि ठुला दलका उम्मेदवारहरूले निर्वाचन आचारसंहिताविपरीत पैसा खर्च गर्नेमा शङ्का छैन। के रास्वपा सरकारी अनुदान लिन नै गठन भएको हो ?

# स्थानीय तहमाथि सङ्घ सरकारको हस्तक्षेप किन ?

• विवेक

**नेपालको संविधानले सङ्घीयतालाई अवलम्बन गरेको छ। सङ्घीयताको अर्थ सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबिच सहमति, सहकार्य र सहअस्तित्वको भावनाअनुसार राज्य सञ्चालन गर्नु हो। सङ्घीयतामा सबै तहका सरकारहरू स्वायत्त र स्वतन्त्र हुन्छन्। सबै सरकारहरूले संविधान र कानुनले दिएको अधिकारभित्र रहेर आवश्यकताअनुसार कानुनहरू निर्माण गरेर काम गर्छन्। कुनै पनि सरकारले अर्को तहलाई आदेश वा निर्देशन दिन मिल्दैन। प्रदेश र स्थानीय तह सङ्घको मातहतमा बस्ने सरकारहरू पनि होइनन्।**

रास्वपा सरकार गठन भएको दुई महिना भयो। सरकार गठन भएदेखि नै नेपालको संविधान र कानुनलाई चुनौती दिँदै प्रजातान्त्रिक मूल्य, मान्यता र परम्पराविपरीत सरकार अगाडि बढ्दै छ। सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्री बालेन्द्र साह बैठकबाट बाहिरिनु, सरकारको नीति तथा कार्यक्रमबारे उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्रीले दिने परम्परा तोडेर अर्थमन्त्री स्वर्णिम वाग्लेलाई दिन लगाउनु, प्रधानमन्त्री संसद्को बैठकमा लगातार अनुपस्थित हुँदासमेत सभामुखले उपस्थितिको लागि प्रधानमन्त्रीलाई रुलिङ गर्न नसक्नुजस्ता दृश्यहरूले वर्तमान प्रधानमन्त्री नेपालको संविधान र प्रचलित कानुनअनुसार चल्न नचाहेको र अहिलेको राजनीतिक प्रणालीप्रति नै विश्वास नगरेको देखिन्छ। अझ रास्वपाको दलको बैठक र संसदीय दलको बैठकमा समेत उपस्थिति नदेखिनुले प्रधानमन्त्रीले दलको अनुशासन पनि पालना नगरेको देखाउँछ।

नेपालको संविधानले सङ्घीयतालाई अवलम्बन गरेको छ। सङ्घीयताको अर्थ सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबिच सहमति, सहकार्य र सहअस्तित्वको भावनाअनुसार राज्य सञ्चालन गर्नु हो। सङ्घीयतामा सबै तहका सरकारहरू स्वायत्त र स्वतन्त्र हुन्छन्। सबै सरकारहरूले संविधान र कानुनले दिएको अधिकारभित्र रहेर आवश्यकताअनुसार कानुनहरू निर्माण गरेर काम गर्छन्। कुनै पनि सरकारले अर्को तहलाई आदेश वा निर्देशन दिन मिल्दैन। प्रदेश र स्थानीय तह सङ्घको मातहतमा बस्ने सरकारहरू पनि होइनन्।

सङ्घ सरकारको पछिल्ला निर्णयहरूले सङ्घीय संरचनामाथि नै चुनौती दिइरहेका छन्। शिक्षा मन्त्रालयले पटक-पटक जारी गरेको सूचना सङ्घीय भावनाविपरीत एकात्मक राज्य व्यवस्थाउन्मुख देखिन्छ। मन्त्रालयले चैत २२ गते सूचना जारी गरेर देशभरका विद्यालयलाई २०८३ वैशाख १५ गतेबाट भर्ना अभियान सुरु गर्न र वैशाख २२ गतेबाट विद्यालय सञ्चालन गर्न पत्राचार गऱ्यो। त्यसैगरी सबै विद्यालयमा आइतबार बिदा दिने निर्देशन दियो। मन्त्रालयको त्यो निर्णय नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ विपरीत हुनुका साथै अव्यावहारिक थियो। अधिकांश स्थानीय तहले सरकारको त्यो निर्देशनलाई हाकाहाकी अस्वीकार गरे किनभने एकातिर सरकारको त्यो निर्णय स्थानीय तहको अधिकारमाथि ठाडो हस्तक्षेप थियो भने अर्कोतिर संविधानविपरीत स्थानीय तहलाई नियन्त्रण गर्ने गलत उद्देश्य पनि थियो। शिक्षा मन्त्रालयले त्यो निर्णय कार्यान्वयन नभएपछि अध्यादेश जारी गरी विद्यालय व्यवस्थापन समिति गठनका प्रावधानहरूमा संशोधन गऱ्यो। त्यो अर्को गलत कार्य थियो। यसले फेरि सङ्घ सरकार र स्थानीय सरकारबिच दूरी बढायो।

कुनै पनि विषयमा निर्णय गर्नुअघि सरोकारवालाहरूसँग छलफल गरेको भए सरकारको निर्णय विवादित बन्ने थिएन। स्थानीय सरकारहरूसँग प्रत्यक्ष जोडिएको विषय निर्णय गर्दा स्थानीय तहका पदाधिकारीहरूसँग छलफल गरेको भए के बिग्रिन्थ्यो ? सरकार त्यति पनि गर्न चाहेन। शैक्षिक गुणस्तर वृद्धि गर्नु सङ्घ र स्थानीय दुवैको साझा जिम्मेवारी हो। सङ्घ एकातिर र स्थानीय सरकार अर्कोतिर भएपछि कसरी देशको शैक्षिक गुणस्तर वृद्धि हुन्छ ?

रास्वपाको सरकारसँग दुईतिहाइ मत छ। त्यसको अर्थ स्वेच्छाचारी शासन गर्नु होइन, जनभावनाअनुसार अगाडि बढ्ने हुनुपर्छ। पार्टी जति ठुलो भयो, त्यति नै जिम्मेवारी पनि बढ्छ। अहिले रास्वपाले पाएको ठुलो मतको कारण उनीहरूमा घमण्डको भूत चढेको देखा पर्दै छ। रास्वपाका नेता कार्यकर्ताहरू जनताको आलोचना सुन्नै चाहँदैनन्। संविधान र कानुनलाई कुनै मतलब नगरी जे गर्दा पनि नयाँ पुस्ताको माग र परिवर्तनको लागि आवश्यक भएको भन्ने भाष्य कायम गरी उनीहरू अघि बढ्दै छन्।

नेपालको संविधानको अनुसूची ८ ले मावि तह (कक्षा १२) सम्म सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। त्यस्तै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षकहरूको दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला निर्माण र सुधारलगायत सबै काम स्थानीय तहले गर्ने व्यवस्था छ। तर, नेपाल सरकारको २०८३/८४ को नीति तथा कार्यक्रममा भने विद्यालय नक्साङ्कन, प्रयोगशाला र पुस्तकालय सुधार गरी एकीकृत योजनामार्फत कार्यान्वयन गरिने उल्लेख गरिएको छ। यसले आगामी बजेट ती कार्यहरू सङ्घ सरकारमार्फत गरिने गरी आउने सहज अनुमान गर्न सकिन्छ। सङ्घ सरकारले स-साना काम गरेर बस्ने होइन, नीति निर्माण गर्ने हो। विद्यालयको विकासको लागि आवश्यक व्यवस्था स्थानीय तहहरूले गरिहाल्छन्। सक्षम नभएका स्थानीय तहहरूलाई सङ्घ सरकारले आवश्यक तालिमको व्यवस्था गर्नु आवश्यक छ।

आइतबार बिदाले कैयौँ विद्यालय अस्तव्यस्त भएका छन्। समय - समयमा आउने चाड-पर्व बिदा, सार्वजनिक बिदा र अन्य अपर्झट आउने सबै बिदाले गर्दा सरकारी विद्यालयमा पढ्ने धरै विद्यार्थीहरूको पढाइ अन्योल बन्दै छ। निजी र सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा दुरी फराकिलो बन्दै जानेछ। निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूको जिम्मेवारी क्रमशः सरकारले लिँदै जानुपर्छ। यसले शिक्षा सबैको समान पहुँचमा पुऱ्याउन मद्दत गर्नेछ।

सरकारको नीति तथा कार्यक्रममा मावि तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिने उल्लेख छ। नेपालको संविधानले सुनिश्चित गरेको त्यो विषय कार्यान्वयन गर्न संविधान निर्माण भएको १० वर्षमा पनि सम्भव भएन। रास्वपा सरकारको अर्थमन्त्रीले 'हामी कम्युनिस्ट होइनौँ' भनेर सार्वजनिक रूपमै बोलेका छन्। यसको सिधा अर्थ हुन्छ शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकता निजीकरण गरिने।

यसअघिका सरकारहरूले पनि निःशुल्कको नारा त दिएकै थिए। उनीहरू शैक्षिक माफियाहरूको घेरामा परेर कार्यान्वयनमा लान चाहेनन्। ठुल्ठुला निजी विद्यालयका मालिकहरू नै दलका नेताहरू भएपछि लागू गर्न सक्नु पनि कसरी ? अझ रास्वपाका सभापति रवि लामिछानेले त चुनाव अघि वाचापत्र पढ्दै भनेका थिए- कक्षा १२ सम्म सम्पूर्ण शिक्षा निःशुल्क हुन्छ। त्यो अहिले उनैको लागि टाउको दुखाइको विषय बनिरहेको छ।

सरकारले चाह्यो भने त्यो असम्भव भने छैन। कुल राष्ट्रिय बजेटको २४।२५ प्रतिशत बजेट शिक्षाको लागि छुट्याउने हो भने मा.वि.सम्मको सम्पूर्ण शिक्षा निःशुल्क सम्भव छ। त्यसरी निःशुल्क गर्दा निजी क्षेत्रबाट सञ्चालित विद्यालयबारे नीतिगत निर्णय गरेर व्यवस्थापन गर्नुपर्दछ। निजी क्षेत्रलाई यथावत राखेर सरकारी विद्यालयमा मात्रै निःशुल्क गर्नु उचित हुँदैन। निजी क्षेत्रले शिक्षामा ७ खर्ब लगानी गरेको, ३ लाख रोजगारी सिर्जना गरेको दाबी गरिरहेको अवस्थामा त्यत्रो लगानी र जनशक्तिको उचित व्यवस्थापन गर्नु सरकारको लागि ठुलो चुनौती हो।

वर्तमान अर्थमन्त्री स्वर्णिम वाग्लेले निर्वाचनअघि बोलेका थिए- सङ्ख्या पुगेको दिन प्रदेश सभा खारेज गर्छौं। अहिले उनीहरूले खोजेजस्तै सङ्ख्या पुगेको छ। प्रदेशहरू खारेजीको प्रस्ताव के होला ? धेरैको चासोको विषय बनेको छ। प्रदेश खारेजीको प्रस्ताव ल्याएमा राप्रपाले समर्थन गर्ने भनी त्यस पार्टीका सचेतक ज्ञानेन्द्र शाहीले सार्वजनिक रूपमै बोलिसकेका छन्।

सङ्घीयता कार्यान्वयनको १० वर्षमा प्रदेशप्रति यति वितृष्णा हुनुको कारण प्रदेशहरूले जनभावनाअनुसार काम गर्न नसक्नु, सरकार गठन-विघटनमा मात्र केन्द्रित हुनु, कानुन निर्माणतर्फ ध्यान नदिनुलगायत हुन्। बजेट केन्द्रमा थुपार्ने, स्थानीय तहलाई सशर्त बजेट बढाएर समानीकरण बजेट घटाउने, विकास निर्माणमा भ्रष्टाचारको गन्धले सरकारको व्यापक आलोचना हुँदै आएको हो। यसबारे वर्तमान सरकारले ध्यान दिएन भने यो सरकार पनि पहिलेको सरकारको निरन्तरतामात्रै हुनेछ।

सङ्घीयता नेपालको लागि नौलो व्यवस्था भएकोले एक दशकको अभ्यासमै यो असफल भयो वा यसले काम गर्दैन भनेर अस्वीकार गरी हाल्नु राम्रो होइन। कुनै पनि राजनीतिक प्रणाली आफैमा राम्रो र नराम्रो भन्ने हुँदैन। त्यसलाई कसरी सञ्चालन गर्ने भन्ने पात्रहरूमा भर पर्छ। जुनसुकै व्यवस्थामा पनि कमी कमजोरीहरू हुन्छन्। त्यसलाई सुधार गरेर अगाडि बढ्नु नै बुद्धिमानी हुनेछ। विगतका सरकारले गलत काम गरेकैले निर्वाचनमा ती सरकारी पार्टीहरूलाई अस्वीकार गरेर जनताले रास्वपालाई मत दिएका हुन्। यदि त्यही काम रास्वपा सरकारले गऱ्यो भने विगतको सरकार र आजको सरकारमा के नै फरक भयो र ?

सङ्घीयता कार्यान्वयनका लागि १८० वटा कानुनको आवश्यकता रहेकोमा १५० वटा कानुन त सङ्घ सरकारले बनाउनुपर्ने बुद्धिजीवीहरूको भनाइ छ। अब संसद् अधिवेशन चलिरहेको बेला सङ्घीयतासम्बन्धी आवश्यक कानुनहरू निर्माणमा जोड दिएमा राम्रो हुनेछ। अब संविधानको कार्यान्वयन गर्ने र आवश्यक ठाउँहरूमा सबै राजनीतिक दलहरूसँग सल्लाह र समन्वय गरी अघि बढ्ने हो।

अन्य पार्टीका सरकारहरूको चर्को आलोचना गर्ने रास्वपाको सरकार कस्तो हुन्छ ? बजेटले देखाउने नै छ। कुनै पनि नाउँमा सांसदहरूलाई बजेटको व्यवस्था गरिनु हुँदैन। सांसदहरूलाई ऐन कानुन निर्माणमै सीमित गरिनुपर्दछ। भौतिक पूर्वाधारहरूको निर्माणको जिम्मेवारी प्रदेश र स्थानीय सरकारलाई दिइनु पर्दछ। यसले विगतका सरकारहरूभन्दा रास्वपाको सरकार फरक भएको जनताले अनुभूति गर्न पाउनेछन्। स्थानीय तहलाई व्यापक बजेट वृद्धि गरेर काम गर्न स्वायत्तता प्रदान गरिनु आवश्यक छ। यसले मात्र वर्तमान सरकारको सङ्घीयताप्रतिको विश्वसनीयता बढ्नेछ।


-०८३/२/१२

# क्युवा : अमेरिकी विमान खसालिनुको रहस्य

✍ डिफेन्स डिमोक्रेसी प्रेस स्टाफ

*(क्युवाली क्रान्तिका नेता राउल क्यास्त्रोविरुद्ध अमेरिकाले अभियोग लगाउँदै गर्दा अमेरिकाको राष्ट्रिय सुरक्षा अभिलेखालयले केही दस्ताबेज सार्वजनिक गरेको छ । क्रान्तिपछि अमेरिका भागेका क्युवालीहरूको विमानमाथि गोलीबारी गरिएको घटनाक्रमबारे यी दस्ताबेजले वास्तविकता उजागर गरेका छन् ।)*

क्युवाको लडाकु विमान 'मिग' (MiG) ले दुई निःशस्त्र 'सेसना' (Cessna) विमानलाई गोली हानेर आफ्नो तटबाहिर खसाल्नुभन्दा एक महिनाअघि अमेरिकाको 'सङ्घीय उड्डयन प्रशासन' (FAA) ले यसबारे सबैलाई सचेत पारेको थियो । सङ्घीय उड्डयन प्रशासनका एक अधिकारीले 'उद्दारक दाजुभाइ' (Brothers to the Rescue, BTTR) संस्थाका अचाक्ली उडानहरूले 'क्युवाली सरकारलाई थप उक्साएको' बताएकी थिइन् । 'सबैभन्दा खराब स्थिति आइलाग्न सक्ने' देखेर अमेरिकी विदेश मन्त्रालय चिन्तित बनेको उनको तर्क थियो । उनले भनेकी थिइन्, "त्यो स्थितिमा क्युवालीहरूले (BTTR का) कुनै पनि विमानलाई खसाल्न सक्छन् र यसको लागि एफएए तयारी अवस्थामा बसेको राम्रो ।" राष्ट्रिय सुरक्षा अभिलेखालयले आज त्यो घटनाबारे अनेक दस्ताबेज सार्वजनिक गरेको छ । माथि उल्लेख चेतावनी एफएएको इमेलमा पढ्न पाइन्छ ।




एफएएका इमेल, मेमो र सन्देशहरूमा तत्कालीन क्लिन्टन सरकारका उच्च अधिकारीहरूको चासो प्रतिबिम्बित हुन्छ । बारम्बार क्युवाली हवाइ क्षेत्रमा घुसपैठ गर्नाले सङ्कट आउन सक्नेबारे उनीहरू सचेत थिए । बीटीटीआरले क्युवालाई भड्काउने ढङ्गले घुसपैठ गरिरहेको स्थितिमा क्युवाले आफ्नो भौगोलिक अखण्डता जोगाउन पाइला चालेका दिन विपत्ति उत्पन्न हुनेबारे क्लिन्टन सरकार अवगत थियो । सन् १९९५ को अगस्तमा अमेरिकी राष्ट्रपति कार्यालयमा बसेको बैठकको सार लेखिएको दस्ताबेज भन्छ, "भुइँबाट गोलीबारी गरेर बीटीटीआरको विमानलाई खसाल्ने सम्भावना अहिले ठुलो खतरा बनेको छ ।"

अमेरिकाको न्याय मन्त्रालयले बीटीटीआर का विमानहरूलाई खसाल्नमा क्युवाली नेता राउल क्यास्त्रोले खेलेको भूमिकालाई आधार बनाई अभियोग लगाउने तयारी चलिरहेको बेला नै माथिका दस्ताबेजहरू बाहिरिएका हुन् । त्यो बेला जनरल राउल क्यास्त्रो क्युवाका रक्षामन्त्री हुनुहुन्थ्यो । उहाँ फिडेल क्यास्त्रो सरकारको सैन्य कमान्डका उच्च अधिकारी हुनुहुन्थ्यो । यी दस्ताबेजमा नागरिक विमानमाथि हवाई हिंसा किन गरिएको थियो भन्ने सन्दर्भमा ऐतिहासिक विवरण पढ्न पाइन्छ ।

यी दस्ताबेजले विमान खसाल्नुका कारणहरू खुलाउँछन् । सन् १९९६ फेब्रुअरी २४ को त्यो घटना हुनुभन्दा अगाडि के भएको थियो भन्ने विवरण पनि दिन्छन् । त्यो घटनामा परेर क्युवाली मूलका पाँच अमेरिकीहरू मारिएका थिए । उनीहरू बीटीटीआरका सदस्य थिए । केही विवरण यसप्रकार छन् :


१. विमान खसाल्नुभन्दा एक वर्षअघिदेखि क्युवा सरकारले BTTR को विमानले आफ्नो हवाई क्षेत्रभित्र पर्ने घना बस्तीहरूमा बारम्बार हजारौं पर्चालगायत सामग्री खसालेकोमा पटकपटक विरोध प्रकट गरेको थियो । ती सामग्रीमा क्युवा सरकारविरुद्ध जनविद्रोह गर्न आह्वान गरिएको हुन्थ्यो ।

२. FAA ले विस्तृत छानबिन सुरु गऱ्यो । उसले बीटीटीआरका अध्यक्ष होजे बसुल्टोलाई भेटेरै पटकपटक चेतावनी दियो; क्युवालाई 'नजिस्क्याउन' भन्यो । एफएएले त्यसका विमान चालकको लाइसेन्स खारेज गर्ने प्रक्रिया अघि बढायो तर त्यसलाई विमान उडाउन भने रोकेन । त्यसले बारम्बार उडानबारे गलत सूचना दिए तर उनलाई रोकिएन ।

३. ह्वाइट हाउसका क्युवासम्बन्धी अधिकारी रिचर्ड नुसियो, विदेश मन्त्रालयका उपमन्त्री पिटर टार्नोफ र यातायातमन्त्री फेडेरिको पिनालगायत अमेरिकाका धेरै उच्च अधिकारीले पटकपटक एफएएसामु आफ्नो चासो व्यक्त गरे । उनीहरूले बीटीटीआरका उडानहरू ठप्प पार्नुपर्ने र क्युवा आफ्नो सीमाको सुरक्षामा उत्रिन सक्ने सम्भावनालाई गम्भीरतापूर्वक लिनुपर्ने बताइरहे । बसुल्टोको पखेटा बाँध्न उनीहरूको एफएएलाई दिएको दबाबले काम गरेन । क्युवाले विमान खसालेपछि मात्र एफएएले बसुल्टोविरुद्ध ठोस 'विराम र रोक' आदेश जारी गऱ्यो । उसले बसुल्टोका क्रियाकलापलाई 'अरूको जीउधनलाई खतरामा पार्ने असावधान वा लापरबाहीपूर्ण' भन्यो ।

माथिका दस्ताबेजहरू सूचनाको हक ऐन (FOIA) अन्तर्गत प्राप्त गरिएको थियो । अमेरिका विश्वविद्यालयका क्युवाविद् विलियम लियोग्रान्ड र अभिलेखालयका वरिष्ठ विश्लेषक पिटर कोर्नब्लूले लेखेको पुस्तक 'क्युवा जाने पछाडिको बाटो : वासिङटन र हवानाबिच सम्झौताहरूको गुप्त इतिहास' मा पनि यी कुरा उल्लेख छन् । यस पुस्तकले फिडेल क्यास्त्रोलगायत धेरै क्युवाली नेताले क्लिन्टन सरकारमार्फत बीटीटीआरका अचाक्ली उडानहरू रोक्न प्रयास गरेको र यसका लागि अनेक 'पछाडिका बाटोहरू' प्रयोग गरेको बताउँछ । सन् १९९६ को जनवरीमा क्यास्त्रोले अमेरिकी सांसद बिल रिचर्डसनसँग गोप्य सम्झौता गर्नुभयो । क्लिन्टन सरकारले बसुल्टोका उडानहरूलाई बन्द गर्ने वचन दिएको खण्डमा अमेरिकाका कतिपय राजनीतिक बन्दीलाई रिहा गर्ने क्युवाले बतायो । रिचर्डसनले अमेरिकी राष्ट्रपति क्लिन्टनले प्रतिबद्धता जनाइसकेको बताए । वास्तविकता भने अर्कै थियो । उनले ह्वाइट हाउसका सहयोगीसँग कुरा गरेका थिए । ती सहयोगीले यातायात मन्त्री पेनालाई एफएएमार्फत हस्तक्षेप गर्न भनेका थिए ।

माथि उल्लेख पुस्तक 'क्युवा जाने पछाडिको बाटो' अनुसार फेब्रुअरी २३ को रात ह्वाइट हाउसका क्युवा इन्चार्ज रिचर्ड नुसियोले राष्ट्रिय सुरक्षा सल्लाहकार स्यान्डी बर्जरलाई एउटा इमेल पठाए । इमेलमा बसुल्टोले भोलिपल्ट विमान उडाउने हुनाले सतर्क रहन भनिएको थियो । इमेलमा नुसियोको चेतावनी स्पष्ट थियो, "'ब्रदर्स' सङ्गठनका होजे बसुल्टोका अघिल्ला उडानहरूमा क्युवाली अधिकारीहरूले संयम अपनाउँदै आएका छन् । क्युवामा अचाक्ली तनाव छ । तसर्थ, क्युवालीहरूले यसपालि विमानलाई गोली हानेर वा जबरजस्ती खसालेर रोक्न सक्ने खतरा छ ।"



Forward Header
Subject: Cuban unauthorized overflights
Author: Cecilia Capestany at AIA
Date: 1/22/96 8:18 AM

We have received information from State Department that another unauthorized flight occurred Sat. 20 in the morning. The plane, according to State, did not/not overfly Havana nor did it drop propaganda. In light of last week's intrusions, this latest overflight can only be seen as further taunting of the Cuban Government. State is increasingly concerned about Cuban reactions to these flagrant violations. They are also asking from the FAA what is this agency doing to prevent/deter these actions. As a matter of fact, the Undersecretary of State called Secretary Peña last week to check on our case against Basulto. Worst case scenario is that one of these days the Cubans will shoot down one of these planes and the FAA better have all its ducks in a row. CECILIA

नुसियोले मायामीमा रहेका एफएए अधिकारीहरूलाई बोलाए र विमान रद्द गर्न आदेश दिए । तर, अधिकारीहरूले उनको आदेश मानेनन् । नुसियो अक्कबक्क परे । एफएए क्युवाली हवाई क्षेत्र उल्लङ्घन गरेकोमा बसुल्टोलाई चेतावनी दिनमात्र राजी भयो । माथि उल्लेख पुस्तकका लेखकहरूले विमान खसालेको त्यो घटनालाई 'क्युवाको आकाशमा मञ्चन गरिएको ग्रीक त्रासदी' भनेका छन् ।

## दस्ताबेजहरू

दस्ताबेज १ :एफएए, सेसिलिया केप्सटेनीको इमेल । 'क्युवामा अनधिकृत उडानहरू' । सन् १९९६ जनवरी २२ । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

दुई बीटीटीआर विमान खसाल्नुभन्दा एक महिनाअघि एफएए (एजेन्सी) की अधिकारी सेसिलिया केप्सटेनीले आफ्ना उच्च अधिकारीहरूलाई विदेश मन्त्रालयले 'एजेन्सी' लाई बीटीटीआरका नेता होजे बसुल्टोका थप उडानलाई रोक्न दबाब दिएको जानकारी गराउँछिन् । उनले उपविदेशमन्त्री पिटर टार्नफदेखि यातायात मन्त्री फेडेरिको पेनाले 'बसुल्टोविरुद्ध हाम्रो मामिला बुझ्न' भनेको उद्धृत पनि गर्छिन् । उनको इमेलमा लेखिएको छ, "सबैभन्दा खराब स्थिति आइलाग्न सक्छ र अबका केही दिनमा क्युवालीहरूले (बीटीटीआर का) कुनै पनि विमानलाई खसाल्नेछन् र यसको लागि एफएए तयारी अवस्थामा बस्नु राम्रो हो ।"

दस्ताबेज २ : एफएए, प्रतिवेदन । 'उद्दारक दाजुभाइ' सङ्गठन तथा 'मायामीस्थित उडानसम्बन्धी जिल्ला कार्यालय' का सम्बन्धमा स्थिति प्रतिवेदन । सन् १९९६ जनवरी । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

विमान खसाल्नुभन्दा अगाडि बसेको एफएएको बैठक र पत्राचारसम्बन्धी यो दस्ताबेज 'एजेन्सी' को 'मायामीस्थित उडानसम्बन्धी जिल्ला कार्यालय' का प्रबन्धक माइकल थोमसले तयार पारेका थिए । यसमा बसुल्टोलाई एफएएका अधिकारीहरूले पठाएका चेतावनीहरूको वर्णन छ । यसमा सन् १९९५ अगस्तमा 'ह्वाइट हाउसका क्युवा इन्चार्ज' रिचर्ड नुसियोसँगको बैठकको पनि चर्चा छ । बीटीटीआरले हवानामाथि उक्साहटपूर्ण विमान उडाएर आकाशबाटै सडकका गल्लीहरूमा हजारौं पर्चा र (विजेताको प्रतीक) तक्माहरू खसालेपछि त्यो बैठक बसेको थियो । बैठकसम्बन्धी वितरणको निष्कर्षमा लेखिएको छ, "भुइँबाट गोलीबारी गरेर बीटीटीआरको विमानलाई खसाल्ने सम्भावना अहिले ठुलो खतरा बनेको छ ।" लगत्तै प्रकाशित विदेश मन्त्रालयको वक्तव्यमा क्युवा सरकार अवैध घुसपैठबाट आफ्नो हवाइ क्षेत्र तथा भौगोलिक अखण्डताको रक्षा गर्न 'कटिबद्ध' रहेको उल्लेख छ ।

दस्ताबेज ३ : एफएए । 'उद्दारक दाजुभाइ' संलग्न घटना विवरण । सन् १९९६ जनवरी । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

एफएएको यो अभिलेखमा सन् १९९५ को आरम्भदेखि १९९६ जनवरीसम्म एफएएका अधिकारीहरू र होजे बसुल्टोबिच भएका कुराकानी र पत्राचारको विवरण छ । यसमा बीटीटीआरलाई 'पटकपटक क्युवाली हवाइ क्षेत्र उल्लङ्घन गर्न बन्द गर' भनी दिइएको सूचना र चेतावनी पाइन्छ । यसबाट कर्मचारीतन्त्रको अक्षमता पनि उजागर हुन्छ । उनीहरूले बसुल्टोका उक्साहटपूर्ण कार्यलाई सदाका लागि बन्द गर्न नसकेको स्पष्ट हुन्छ । क्युवा सरकारले लगातार आफ्नो हवाइ क्षेत्र उल्लङ्घन गरिएकोमा विरोध जनाएको थियो । कर्मचारीतन्त्रले त्यसलाई सम्बोधन गर्न नसकेको माथिको दस्ताबेजबाट छर्लङ्ग हुन्छ ।


दस्ताबेज ४ : एफएए । 'बीटीटीआर' गोलीबारीको विवरण । सन् १९९६ फेब्रुअरी २४ । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

यो दस्ताबेजमा सन् १९९६ फेब्रुअरी २४ को घटनाबारे एकएक मिनेटको जानकारी पाइन्छ । त्यो दिन क्युवाका लडाकु विमानले आफ्नो देशको तटबाहिर बीटीटीआरका दुई विमानलाई खसालेका थिए । माथिको दस्ताबेजमा क्युवा सरकारका उडान नियन्त्रक, बसुल्टो र एफएएका विमानचालकबिच भएको संवादको विवरण (ट्रान्सक्रिप्ट) पाइन्छ । बसुल्टोले 'उद्दारक दाजुभाइ तथा यसका अध्यक्ष होजे बसुल्टोको तर्फबाट हार्दिक अभिवादन' जारी गर्छन् र विमानहरू उत्तरी हवानामाथि उड्ने उद्घोष गर्छन् । त्यसपछि क्युवाली उडान नियन्त्रकले चेतावनी दिन्छन्, "उत्तरी हवाना क्षेत्र सक्रिय छ । नर्थ-२४ क्षेत्रमा घुसे तपाईं खतरामा पर्नुहुन्छ ।" विवरणअनुसार बसुल्टोले जवाफ दिन्छन्, "२४ भन्दा दक्षिणतिर लागेपछि हामी खतरामा पर्छौं भन्ने हामीलाई हर्दम थाहा हुन्छ । तर, क्युवालीहरूलाई मुक्त गर्न हामी राजीखुसी आउँछौं ।" जवाफमा हवानाका हवाई निर्देशक लेख्छन्, "यो सूचना नोट गरें ।"

दस्ताबेज ५ : एफएए । 'विराम र रोक' को लागि आपत्कालीन आदेश र आज्ञापालनको आदेश (खेस्रा) । सन् १९९६ मार्च । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

विमान खसालेर बीटीटीआरका चार विमानचालक मारिएपछि एफएएले बसुल्टोविरुद्ध 'विराम र रोक' आदेश जारी गऱ्यो । आदेशमा उनलाई 'अरूको जीउधनलाई खतरामा पार्ने असावधान वा लापरबाहीपूर्ण' क्रियाकलाप गरेको आरोप लगायो । एफएएको निर्देशिकामा बसुल्टो र बीटीटीआरलाई 'अहिले र पछि पनि गणतन्त्र क्युवाको भौगोलिक हवाई क्षेत्रभित्र कुनै पनि नागरिक विमान सञ्चालन गर्न विराम र रोक लगाउने आदेश' दिइएको थियो ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***






संयुक्त राज्य अमेरिकाको न्युजर्सी राज्यको नेवार्कस्थित सङ्घीय आप्रवासन तथा कस्टम कार्यान्वयन बन्दी केन्द्र अगाडि विरोध प्रदर्शन गरिरहेका आप्रवासी तथा मानव अधिकारकर्मीहरूमाथि घातक दमन र पक्राउ गर्दै न्युजर्सी दङ्गा प्रहरी तथा माउन्टेड युनिटस्का सदस्यहरू मे २९, २०२६ का दिन । संरा अमेरिकामा आप्रवासीहरूमाथि भइरहेको चरम अमानवीय व्यवहार र कैद सजायको संरा अमेरिकामै र विश्वभर व्यापक विरोध भइरहेको छ । *तस्बिर : आदम ग्रे/एएफपी*

# इजरायलद्वारा लेबनानमा नयाँ निकासी आदेश जारी

बेरुत (लेबनान), १६ जेठ (एएफपी) । इजरायली सेनाले शनिबार दक्षिणी लेबनानका सात वटा गाउँका बासिन्दाहरूको लागि नयाँ निकासी आदेश जारी गरेको प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बताएका छन् ।

पछिल्लो चेतावनी दुई देशका सैन्य प्रतिनिधिमण्डलहरूले वासिङ्टनमा ऐतिहासिक सुरक्षा वार्ता गरेको एक दिनपछि आएको हो ।

इजरायलले दक्षिण लेबनानमा निरन्तर आक्रमण जारी राखेको छ भने राष्ट्रपति जोसेफ आउनले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको फोनवार्तामा युद्धविरामका लागि सबै प्रयासहरू गर्न आवश्यक रहेको कुरामा जोड दिएका छन् ।

इजरायल र तेहरान समर्थित हेजबुल्लाह बिचको लडाइँ रोक्नको लागि आधिकारिक रूपमा अप्रिल -१७ देखि लागू भएको युद्धविरामको बावजुद आक्रमण जारी रहेको छ ।

इजरायल र हेजबुल्लाह दुवैले एक अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन् ।

शनिबारका लागि जारी गरिएको इजरायली सेनाको निकासी आदेशमा नबातीह नजिकैका केही गाउँहरू समावेश रहेको जनाइएको छ भने, हेजबुल्लाहले उत्तरी इजरायली सहर किर्यात शमोनामा रकेट प्रहार गरेको बताएको छ ।

हेजबुल्लाहले दक्षिणी लेबनानको घन्डोरीयेह नजिकैका इजरायली सैनिकहरू माथि आक्रमण गरी उनीहरूलाई पछि हट्न बाध्य पारेको र उत्तरी इजरायलको सैन्य आधारमा रकेट प्रहार गरेको बताएको छ ।

शुक्रबार, हेजबुल्लाहले उत्तरी इजरायलमा आक्रमण गरेको बताएको थियो भने इजरायली सेनाले लेबनानबाट आएका धेरै प्रोजेक्टाइलहरू रोकेको पुष्टि गरेको थियो । जसमध्ये एउटा किर्यात समोना नजिकै प्रहार भएको थियो । हेजबुल्लाहले मध्ययुगीन ब्युफोर्ट किल्ला नजिकै अगाडि बढ्न खोज्ने इजरायली सेनामाथि आक्रमण गरेको पनि बताएको छ ।

इजरायली सेना लेबनान-इजरायल सीमाबाट करिब ३० किलोमिटर उत्तरबाट अगाडि बढेको बताइएको छ । इजरायल र लेबनानले अप्रिलमा प्रत्यक्ष वार्ता सुरु गरेका थिए भने पेन्टागनमा शुक्रबारको बैठकपछि वाशिंगटनमा अर्को हप्ता चौथो चरणको वार्ता हुने अपेक्षा गरिएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी सहर टायरमा शुक्रबार भएको इजरायली आक्रमणमा ११ जनाको मृत्यु भएको छ । मार्चको सुरुमा अमेरिका-इजरायली आक्रमणमा इरानका सर्वोच्च नेताको मृत्युको बदलामा इजरायलमा रकेट प्रहार गरेपछि लेबनान क्षेत्रीय युद्धमा तानिएको थियो ।

हेजबुल्लाहले अमेरिकी प्रतिनिधिहरूसँग वार्ताको कडा विरोध गर्दै नि:शस्त्रीकरण गर्न अस्वीकार गरेको छ । शुक्रबार लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिणमा २० वटा भन्दा बढी स्थानमा इजरायली हवाई आक्रमण भएको रिपोर्ट गरेको छ ।

सयौँ मानिसहरू तथा पर्यटकहरू पुरानो सहर टायरमा भागेका छन्, जुन हालैको इजरायली सेनाको निकासी आदेशमा समावेश गरिएको छैन । आश्रयहरू भरिएका कारण विस्थापित बासिन्दाहरू कार वा शिविरमा सुतिरहेको एएफपीले जनाएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणले मार्च -२ देखि कम्तिमा तीन हजार ३५५ जना व्यक्तिको ज्यान लिएको छ ।

# इजरायली आक्रमणले लेबनानमा राहत र उद्धार कार्य प्रभावित: संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, १६ जेठ (सिन्ह्वा) । दक्षिणी लेबनानमा इजरायली सेनाले आक्रमण तीव्र बनाउँदै जाँदा आपत्कालीन उद्धार कार्य तथा राहत सामग्री वितरणमा गम्भीर अवरोध सिर्जना भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालयका अनुसार, बिहीबार दक्षिणी लेबनानको नाबाटिये क्षेत्रमा भएको आक्रमणले मार्जायौन जिल्लाको एक प्रमुख सडकमा क्षति पुऱ्याएको छ । उक्त सडक घाइतेहरूको उद्धार, राहतकर्मीहरूको आवतजावत तथा सर्वसाधारणलाई अत्यावश्यक वस्तु तथा सेवामा पहुँच पुऱ्याउन महत्त्वपूर्ण मानिन्छ ।

स्थानीय स्रोतहरूका अनुसार, दक्षिणी क्षेत्रको माराकाह नगरपालिकामा भएको छुट्टाछुट्टै हवाई आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ । साथै, अल-बस प्यालेस्टिनी शरणार्थी शिविरमा तीन जनाको ज्यान गएको र करिब ३७ जना घाइते भएका छन् ।

बारम्बार जारी गरिएका विस्थापन आदेशका कारण धेरै परिवारहरू घर छोड्न बाध्य भएका छन्। सुरक्षा अवस्था परिवर्तन भइरहँदा उनीहरू पुन: फर्किने र फेरि विस्थापित हुने अवस्था दोहोरिएको छ । टायर सहरका आश्रयस्थलहरू भरिइसकेको बताइएको छ भने धेरै विस्थापित परिवारहरू उत्तरतर्फ सर्न थालेका छन् ।

संयुक्त राष्ट्रसङ्घले चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि आफ्ना साझेदार संस्थामार्फत देशभर जीवनरक्षक सहायता उपलब्ध गराइरहेको जनाएको छ । मार्च २ यता विश्व खाद्य कार्यक्रम र साझेदार संस्थाहरूले द्वन्द्व प्रभावित समुदायलाई एक करोड १० लाखभन्दा बढी तातो तथा चिसो भोजन वितरण गरेका छन् । साथै, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय र साझेदारहरूले विस्थापित परिवारलाई एक लाख ७० हजारभन्दा बढी कम्बल र एक लाख ३० हजार गद्दा उपलब्ध गराएका छन् ।

लेबनानका लागि संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक इमरान रिजाले देशभर बढ्दो हिंसा र विस्थापन आदेशका कारण समुदायहरूमा परेको असरप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले विस्थापन आदेश जारी भएका क्षेत्रबाट भाग्ने क्रममा सर्वसाधारण पनि हवाई आक्रमणको सिकार बनेको जानकारी प्राप्त भएको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार, लेबनानी सरकारी तथ्याङ्कले मार्च २ यता कम्तीमा ३ हजार ३५५ जनाको मृत्यु भएको र १० हजार ९५ जना घाइते भएको देखाएको छ ।

# इन्धन राहतपछि जर्मनीको मूल्यवृद्धि दरमा कमी

बर्लिन, १६ जेठ (सिन्ह्वा) । जर्मनीमा मे महिनामा मुद्रास्फीति दर घटेर २.६ प्रतिशतमा पुगेको छ । मध्यपूर्व युद्धका कारण पछिल्ला दुई महिनादेखि तीव्र रूपमा बढिरहेको मूल्यवृद्धि सरकारको अस्थायी इन्धन कर कटौती योजनापछि केही कम भएको सरकारी तथ्याङ्कले शुक्रबार देखाएको हो ।

जर्मनीको सङ्घीय तथ्याङ्क कार्यालयका प्रारम्भिक तथ्याङ्कअनुसार अप्रिलमा २.९ प्रतिशत रहेको उपभोक्ता मूल्य वृद्धि मेमा घटेर २.६ प्रतिशतमा आएको हो ।

ऊर्जा मूल्य अझै पनि वार्षिक रूपमा ६.६ प्रतिशतले बढेको भए पनि यो अप्रिलको १०.१ प्रतिशत वृद्धिभन्दा निकै कम हो । अर्थशास्त्रीहरूले मे १ देखि लागू गरिएको दुई महिनाको इन्धन कर राहत योजनालाई यसको मुख्य कारण मानेका छन् । उक्त योजनाअन्तर्गत पेट्रोल र डिजेलमा प्रतिलिटर कर करिब १७ युरो सेन्टले घटाइएको छ ।

जर्मनीको केन्द्रीय बैङ्कले यो कदमले मे र जुन महिनामा मुद्रास्फीति करिब ०.२५ प्रतिशत बिन्दुले घटाउने अनुमान गरेको छ । तर विश्लेषकहरूले यो राहत अस्थायी हुन सक्ने चेतावनी दिएका छन् । एक अर्थविशेषज्ञले जुलाईपछि कर कटौती योजना समाप्त भए मुद्रास्फीति फेरि बढ्न सक्ने बताएका छन् । उहाँले मध्यपूर्व युद्धले ऊर्जा मात्र होइन, खाद्यान्न लगायतका क्षेत्रमा पनि मूल्यवृद्धिको दबाब कायम राख्न सक्ने उल्लेख गर्नुभयो । सरकारी अनुमानअनुसार इन्धन कर कटौतीका कारण करिब १.६ अर्ब युरो राजस्व घाटा हुनेछ ।

जर्मनीका यातायात मन्त्रीले सरकारको यस्तो राहत कार्यक्रम दीर्घकालसम्म कायम राख्ने क्षमता सीमित रहेको बताएका छन् । उहाँका अनुसार यातायात लागत बढ्दै जाँदा खाद्यान्न र दैनिक उपभोग्य वस्तुको मूल्य पनि बढ्न सक्छ ।

## विश्व सङ्क्षेप

# लाओसको गुफामा फसेका थप चारको उद्धार : उद्धारकर्ता

भिएन्टियन (लाओस), १६ जेठ (एएफपी) । लाओसको एउटा गुफामा दश दिनदेखि फसेका थप चार जनालाई उद्धार गरिएको उद्धारकर्ताहरूले बताएका छन् । एक दिनअघि उनीहरूलाई सतहमा ल्याइएको जनाउँदै अझै दुई जना बेपत्ता रहेको जनाइएको छ । सतहको पानीलाई पम्प गरेर तिनीहरूलाई बाहिर निकाल्न सक्षम भएको उद्धारकर्ताहरूले बताएका छन् ।

थाइल्यान्ड रेसकिउ डाइभर फेसबुक पोष्टमा शनिबार करिब दिउँसो ३:१० बजे उद्धार अधिकारीहरूले थप चार जना मानिसहरूलाई बाहिर निकाल्न सफल भएको जनाइएको छ । हाल सम्म पाँच जनालाई उद्धार गरिएको उल्लेख गर्दै दुई जना अझै बेपत्ता रहेको जनाइएको छ ।

गत मे -२० देखि मध्य जेसोम्बौन प्रान्तको दुर्गम पाहाडी क्षेत्रको गुफामा सुनको खोजी गर्दै गरेका सात जना मानिसहरू आकस्मिक बाढीका कारण फसेको सरकारी मिडियाहरूले रिपोर्ट गरेका छन् ।

गुफाको सतहबाट करिब ३०० मिटर टाढाको साँघुरो स्थानमा जम्मा भएका पाँच जना मानिसहरू बुधबार जीवित फेला पारी उद्धार गरिएको जनाइएको छ । उद्धारकर्ताहरूले शुक्रबार माटोले पुरिएका मानिसलाई सुरक्षित स्थानमा लगिएको जनाएका छन् । भारी वर्षाले आकस्मिक बाढी निम्त्याएपछि गुफाको निकास अवरुद्ध हुँदा उनीहरू गुफामै फसेको जनाइएको छ ।

# अमेरिकी र क्युवाली सैन्य अधिकारीबिच सुरक्षा विषयमा छलफल

वासिङ्टन, १६ जेठ (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले क्युबासम्बन्धी आफ्नो नीति अघि बढाइरहेका बेला ल्याटिन अमेरिकी क्षेत्रका वरिष्ठ अमेरिकी सैन्य कमाण्डरले क्युबाली सैन्य अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको छ । अमेरिकी दक्षिणी सैन्य कमाण्डका प्रमुख जनरल फ्रान्सिस डोनोभनले शुक्रबार ग्वान्टानामो खाडीस्थित अमेरिकी नौसैनिक अड्डा नजिक क्युबाली सैन्य अधिकारीहरूसँग सुरक्षासम्बन्धी विषयमा संक्षिप्त छलफल गर्नुभएको हो ।

क्युबाको क्रान्तिकारी सशस्त्र बलद्वारा जारी वक्तव्यअनुसार, भेटवार्तामा सैन्य क्षेत्रको सीमावर्ती सुरक्षासम्बन्धी विषयमा विचारविमर्श गरिएको थियो । दुवै पक्षले छलफललाई सकारात्मक रूपमा लिँदै भविष्यमा पनि आपसी सम्पर्क कायम राख्ने सहमति जनाएका छन् ।

यस अवधिमा अमेरिकी प्रशासनले क्युबामाथि विभिन्न कूटनीतिक तथा आर्थिक कदमहरू अघि बढाएको छ । साथै, दुवै देशबिचका सम्बन्ध तथा क्षेत्रीय सुरक्षाका विषयहरूमा निरन्तर संवाद भइरहेको छ । भेटवार्ताका क्रममा जनरल डोनोभनले ग्वान्तानामोस्थित अमेरिकी नौसैनिक अड्डाको सुरक्षा अवस्था, त्यहाँ कार्यरत सैनिक तथा उनीहरूका परिवारको सुरक्षा र सैन्य तयारीसम्बन्धी विषयमा पनि जानकारी लिनुभएको अमेरिकी दक्षिणी सैन्य कमाण्डले जनाएको छ ।

# अमेरिकी आक्रमणमा तीन जनाको मृत्यु

वासिङ्टन, १६ जेठ (एएफपी) । अमेरिकी सेनाले पूर्वी प्रशान्त महासागरमा एउटा डुङ्गामा शुक्रबार आक्रमण गर्दा तीन जना लागु औषध तस्करको ज्यान लिएको अधिकारीहरूले बताएका छन् । गएको हप्तामा भएको यो तेस्रो घातक आक्रमण हो भने ट्रम्प प्रशासनले सेप्टेम्बरमा आक्रमण सुरु गरेदेखि मृत्यु हुनेहरूको सङ्ख्या कम्तिमा १९८ पुगेको एएफपीले जनाएको छ ।

सामाजिक सञ्जाल एक्सको पोस्टमा, युएस साउदर्न कमान्डले उक्त जहाज पूर्वी प्रशान्तमा नार्को-तस्करी अपरेसनमा संलग्न रहेको जनाएको छ । सामाजिक सञ्जालमा पोष्ट गरिएको आक्रमणको भिडियो फुटेजमा खुला समुद्रमा बसिरहेको जहाज ठुलो विस्फोटले डुबाएको देखाइएको छ । अमेरिकी सेनाले सेप्टेम्बरको सुरुमा अपरेसन 'साउदर्न स्पियर' सुरु गरेको हो भने राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याटिन अमेरिकाबाट सञ्चालित लागु औषध तस्करहरूसँग अमेरिका कडा युद्धमा रहेको बताउनुभएको छ । कानुनी विज्ञहरू तथा अधिकार समूहहरूले स्पष्ट रूपमा अमेरिकाका लागि तत्काल खतरा पैदा नगर्ने नागरिकहरूलाई लक्षित अमेरिकी आक्रमणहरू गैरन्यायिक हत्याको कारण हुने बताएका छन् ।

# युरोपेली डिजिटल संरचना सुधारको नयाँ नीति

ब्रसेल्स, १६ जेठ (एएफपी) । युरोपेली संघले भविष्यमा विदेशी डिजिटल कम्पनी र चिनियाँ चिप्समा निर्भरता घटाएर आफ्नै प्रविधि विकास गर्ने ठुलो योजना अघि बढाइरहेको छ । ब्रसेल्सले यो कदमलाई 'प्रविधि आत्मनिर्भरता' को रूपमा अघि सारेको छ । यसको उद्देश्य युरोपलाई विदेशी कम्पनी र सरकारहरूको प्रभावबाट जोगाउनु हो । युरोपमा अहिले इन्टरनेट क्लाउड सेवा, सामाजिक सञ्जाल र ई-कमर्स जस्ता क्षेत्रमा विदेशी कम्पनीहरूको ठुलो प्रभुत्व छ, जसले बजारको करिब ७० प्रतिशत हिस्सा ओगटेको छ ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पुन: सत्तामा फर्किएपछि युरोपेली नेताहरूमा विदेशी डिजिटल प्रणालीमाथि नियन्त्रण हुन सक्ने डर बढेको बताइन्छ । उहाँहरूलाई भविष्यमा कुनै राजनीतिक तनाव भएमा बाह्य देशले युरोपको डिजिटल प्रणाली बन्द गर्न सक्ने जोखिमको चिन्ता छ ।

युरोपेली सङ्घका अधिकारीहरूले सीधै कुनै एक देश लक्षित नभए पनि आफ्नो नीति विदेशी कम्पनीको निर्भरता घटाउने दिशामा केन्द्रित भएको बताएका छन् । एक वरिष्ठ अधिकारीले युरोपले आफ्नै क्षमता विकास गर्नुपर्ने र बाह्य शक्तिले आफ्ना निर्णय, मूल्य र अर्थतन्त्रलाई प्रभावित गर्न नदिनुपर्ने आवश्यकता रहेको बताएका छन् ।

# कीर्तिमानले गौरवान्वित बनाएको सगरमाथा दिवस

✍ राजु सिलवाल

काठमाडौँ। प्रत्येक वर्षको वसन्त ऋतु विश्व मानचित्रमा नेपाललाई गौरवान्वित बनाउने महत्त्वपूर्ण याम मान्ने गरिएको छ विगत वर्षहरू झैं यसपालि पनि नेपालले फेरि विश्वको ध्यान केन्द्रित गर्न सफल भएको छ। यसपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरमा अत्यधिक टोलीको उपस्थितिले वातावरण विशेष चहलपहलमय बन्न पुगेको थियो। आरोहीहरूको चाप आधार शिविरदेखि चुचुरोसम्म जानेक्रममै जारी रहेको थियो। एकैदिन धेरै आरोहीलाई सफलता मिलेको घटनाले पनि विश्वलाई चकित बनाएको थियो।

सन् १९५३ को मे २९ तारिखका दिन पहिलोपटक पाइला टेकेर विश्व कीर्तिमान बनाउन सफल स्वर्गीय तेन्जिङ नोर्गे शेर्पा तथा स्वर्गीय एडमण्ड हिलारीको पदचापलाई पछ्याउँदै यो वर्ष पनि पर्वतारोहीहरूले विभिन्न नयाँ कीर्तिमान स्थापित गर्न सफल भएका छन्। सफलता जित्नेहरूको पङ्क्तिमा साहसी नेपाली शेर्पाहरूको सङ्ख्या उल्लेखनीय रहेको छ। मुलुकमा विगतमा तत्कालीन १० वर्षे माओवादी युद्ध, कोभिड २०१९ जस्तो विश्वब्यापी महामारीजस्ता विषम परिस्थितिमा समेत पर्वतारोहण क्षेत्र सुचारु रूपमा सञ्चालन भएर नेपालले विश्वलाई उदाहरण प्रस्तुत गरेको थियो। यसपटक सगरमाथामा हासिल भएका प्रशंशनीय उपलब्धिहरूले केही वर्षदेखि मात्र मनाउन सुरु गरिएको अन्तर्राष्ट्रिय सगरमाथा दिवसलाई कीर्तिमानमय एवं अझ उल्लासपूर्ण दिवसका रूपमा परिणत गरिदिएको छ।

**सयौँको सफलताको सञ्जोग**

सगरमाथाको शिखरमा पुग्ने काम निक्कै कठिन र सहासिक मान्ने गरिएको छ। विगतका वर्षहरूमा हिमाल चढने काम निक्कै जोखिमपूर्ण मानिने गरिन्थ्यो। ज्यानको जोखिम भएको यथार्थ स्वीकार्दै हिमालमा गएका कयौँ आरोहीले कठिन भौगोलिक क्षेत्रमा जीवन गुमाइसकेका छन् तर विज्ञान तथा प्रविधिको विकास बढदै गएसँगै हिजोआज हिमाल चढन गएकाहरूले प्राण नै त्याग्नु पर्ने अवस्था भने कम हुँदै गएको छ। पर्वतारोहीहरूलाई उचित प्रशिक्षणको व्यवस्था, आधुनिक उपकरणको सर्वसुलभता तथा महिनौँपछिको मौसमको सम्भावित अवस्थाबारे भविश्यवाणीको अग्रिम उपलब्धताजस्ता कारणले विगतकोभन्दा जोखिमको परिमाण कम हुँदै गएको अनुभव गरिएको छ। पर्वतारोही एक्लै शिखरमा पुग्न समेत कठिन सङ्घर्ष गर्नुपर्ने सगरमाथामा एकैदिन सयौँ पर्वतारोहीले सफलता पाउनु सामान्य उपलब्धि होइन।

२०८३ जेठ ६ गतेको दिन यस्तो महत्त्वपूर्ण बन्नपुग्यो, जुन दिन २७४ जनाले सगरमाथामा सफलता पाएका थिए। त्यस्तो कठिन भूभागमा यति ठुलो सङ्ख्यामा प्राप्त भएको सफलतालाई विश्वकै पर्वतारोहणको इतिहासमा नौलो कीर्तिमान मानिएको छ। हिमालमा आरोहण अभियान सञ्चालन गर्ने व्यवसायीहरूको संस्था पर्वतारोहण सञ्चालक सङ्घ नेपालद्वारा यसलाई नेपालको पर्वतीय पर्यटनको इतिहासमा हालसम्मकै ठुलो र ऐतिहासिक उपलब्धि मानिएको छ। यसअघि २०७६ जेठ ८ गते एकैदिन २२३ पर्वतारोहीले सगरमाथाको चुचुरोमा टेकेका थिए। यस वर्ष चीनतर्फ पर्ने सगरमाथाको उत्तरी मोहडाबाट आरोहणका लागि अनुमतिपत्र प्रदान नगरिएकाले आरोहीहरूको चाप नेपालतर्फ बढी भएको थियो। यसप्रकारको अपार सफलतापछि आगामी बसन्त ऋतुमासमेत सगरमाथाप्रतिको आकर्षण अझ बढने आँकलन गरिएको छ।

**बाटो खोल्ने बहादुरहरू**

सगरमाथामा एकैदिनमा धेरैले सपना पूरा गर्न सफल भएको अवस्था सिर्जना हुनु पछाडि नेपाली रोप फिक्सिङ टोलीका सहासी सदस्यहरूको प्रमुख भूमिका रहेको छ। यही टोलीको सक्रियतामा सगरमाथाको आधार शिविरदेखि चुचुरोसम्म पुग्न आरोहीहरूलाई निक्कै सजिलो भएको थियो। सगरमाथा आरोहणका क्रममा पार गर्नुपर्ने अत्यन्त जोखिमस्थल खुम्बु आइसफललाई मानिन्छ। उक्त स्थलमा कयौँ वर्षदेखि धेरैले ज्यान गुमाइसकेका छन्। आइसफल डाक्टरका नामले परिचित अनुभवी हिमाल आरोहीहरूको सीप र साहसले बसन्त ऋतुभरि पर्वतारोहीहरूको लागि शिखरतर्फ जाने बाटो खुल्ला तथा सहज बनाउन सहयोग पुगेको हो।

आरोहणका लागि प्रारम्भिक रूपमै कठिन मानिएको हिमखाडल अर्थात आइसफलमा भ्याङ हाल्नेदेखि लिएर मौसम परिवर्तन पिच्छे बाटो परिवर्तन भैरहने शिखरतर्फको गन्तव्यमा डोरी टाङ्गनेजस्तो कठिन काम सम्पन्न गरिएको थियो। आइसफल रुट सञ्चालनको व्यवस्थाका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति तथा सगरमाथाको दोस्रो शिविरभन्दा माथि आरोहीको सुविधाका लागि रुट निर्माण गरी डोरी टाङ्गने जिम्मेवारी पर्वतारोही सञ्चालक सङ्घ नेपाललाई दिइएको थियो।

गत वैशाख ३० गते आरोही मिङमा दोर्जी शेर्पाको नेतृत्वमा खटिएको १३ सदस्यीय टोलीले आठ हजार ८४८.८६ मिटर उचाइको सगरमाथाको सफल आरोहण गर्दै यो सिजनका लागि आधिकारिक रूपमा आरोहण मार्ग निर्माण तथा डोरी टाँग्ने कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो। उक्त टोलीले सुरक्षित मार्ग तयार गरेपछि उल्लेखनीय सङ्ख्यामा पर्वतारोहीहरूलाई सगरमाथाको शिखरमा जान सुविधा भएको थियो। यसरी अत्यन्त प्रतिकूल मौसम, उच्च हिमाली जोखिम तथा चुनौतीपूर्ण परिस्थितिका बिचमा पनि नेपाली शेर्पा समुदायले पुन: एकपटक आफ्नो साहस, क्षमता र समर्पण विश्वसामु प्रस्तुत गरेका छन्।

नेपालमा वसन्त ऋतुमा सगरमाथाका साथै अन्य बिभिन्न हिमाल आरोहणका लागि विश्वभरिबाटै आएका आरोहीहरूको सहासिक गतिविधिले हिमाली क्षेत्र रोमाञ्चकारी बन्न पुग्यो। पर्यटन विभागले यो वर्ष सगरमाथा आरोहणका लागि मात्र ४९५ जनालाई अनुमतिपत्र प्रदान गरेको थियो, जसमा ३९० जना पुरुष तथा १०५ जना महिला रहेका थिए। सगरमाथामा आरोहणका लागि सन् १९२२ देखि नै मानिसहरूद्वारा प्रयास गरिए पनि सन् १९५३ मा मात्र पहिलोपटक मानव पाइला शिखरमा पुग्न सफल भएको थियो। हालसम्म हजारौँ आरोहीले सगरमाथाको चुचुरोमा टेक्न सफलता पाइसकेका छन्। यसमा नेपाली सहासी शेर्पाहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ। सन् २०२५ सम्ममा १३ हजार ७०० भन्दा बढी आरोही सगरमाथाको शिखरमा पुगेका थिए।

**लगातार विश्व कीर्तिमान**

विश्व कीर्तिमानीहरूको अभिलेख राखिने गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा हाल सबैभन्दा धेरै कीर्तिमान राख्ने जातिमा शेर्पाहरूको स्थान उल्लेखनीय रहेको छ। हिमाल आरोहणमा स्थापित विभिन्न कीर्तिमानले सम्पूर्ण नेपालीहरूलाई नै गौरवान्वित बनाउँदै आएको छ। आफ्ना पुर्खाहरूको गौरवमय गाथालाई प्रख्यात नेपाली आरोही कामीरिता शेर्पाले केही वर्षदेखि निरन्तरता दिँदै लगातार विश्व कीर्तिमान कायम गर्दै आइरहनुभएको छ। चौबीस वर्षको उमेरमा पहिलोपटक सन् १९९४ मा सगरमाथामा पाइला टेक्नुभएका कामीरिताले त्यसपछि पछाडि फर्केर हेर्नु परेन। हाल ५६ वर्ष पुग्नुभएका कामीरिताले यही जेठ ३ गते आइतबार बिहान १० बजेर १२ मिनेटमा ३२ औँ पटक सगरमाथाको आरोहण गरी फेरि नयाँ विश्व कीर्तिमान स्थापित गर्नुभयो। उहाँले केही वर्षदेखि आफैँले विश्व कीर्तिमान कायम गर्ने तथा फेरि त्यसलाई भङ्ग गर्ने क्रम जारी राख्दै आउनुभएको छ। यसअघि विख्यात आरोही आप्पा शेर्पाले २१ चोटीसम्म सगरमाथा आरोहण गर्दै सबैभन्दा धेरैपटक सगरमाथा चढ्ने आरोहीको रूपमा विश्व कीर्तिमान कायम गर्नु भएको थियो।

कामीरिताले आप्पाको कीर्तिमानलाई उछिन्दै २२ औँ पटक सगरमाथा चढेपछि विश्व कीर्तिमानीको आफ्नो अग्रता जारी राख्नुभएको छ। ३२ औँ उपलब्धि हासिल भएपछि कामीरिताले आफ्नो प्रत्येक आरोहण व्यक्तिगत उपलब्धि मात्र नभई यी अभियानलाई सफल र सुरक्षित बनाउने सबै मेहनती शेर्पा र आरोहीहरूको योगदान भएको धारणा आफ्नो फेसबुक पेजमार्फत व्यक्त गर्नुभएको थियो। उहाँले विश्वको सबैभन्दा अग्लो हिमालबाट अर्को अविस्मरणीय साहसिक कार्य गरेर सुरक्षित रूपमा फर्कन पाउँदा आफूले धन्य महसुस गरेको अनुभव पनि साझा गर्नुभएको छ। ३२ पटकको सफलतापछि पनि उहाँ अझै थाक्नु भएको छैन। उहाँले सञ्चार माध्यमलाई आगामी वर्ष पनि आफ्नो यात्रा जारी रहने सङ्केत गरिसक्नु भएको छ।

कीर्तिमानका लागि नभएर नेपाललाई चिनाउन आफूले आरोहण गर्ने गरेको कामीरिताको भनाइले उहाँको राष्ट्रप्रेम अभिव्यक्त हुन्छ। सोलुखुम्बुको थामे निवासी कामीरिताले विगतमा सगरमाथाको रोप फिक्सिङ टोलीमा समेत सरिक भएर आरोहण गर्नुभएको थियो भने धेरैपटक विभिन्न देशका आरोहीहरूलाई पथप्रदर्शन गर्दै शिखरमा जानुभएको हो। विदेशी टोलीसँग गरिएको प्रतिबद्धताका कारण उहाँले अझै आरोहणलाई निरन्तरता दिनुपर्ने अवस्था रहेको छ।



सगरमाथा आरोहीहरूको सङ्ख्या वर्षेनी बढदै गए पनि त्यहाँको प्राकृतिक अवस्था सहज नभएको स्वयम् आरोहीहरूले नै अनुभव गर्दै आइरहेका छन्। आरोहीहरूलाई सगरमाथाको शिखरमा पुग्नका लागि प्राविधिक चुनौतीका रूपमा मानिएको हिलारी स्टेप खण्डको उचाई, त्यहाँको मौसम तथा आरोहीहरूको भिडका कारण हिमाल चढ्ने कार्य अझै पनि खतरनाक भएको धारणा विश्व कीर्तिमानी आरोही कामीरिता शेर्पाले आफ्नो उल्लेख गर्नुभएको छ।

**पा दावा पछिपछि**

पा दावा नामले परिचित सोलुखुम्बुको पाङबोचेका वरिष्ठ पथप्रदर्शक पासाङदावा शेर्पाले विश्व कीर्तिमानी कामीरिता शेर्पालाई पछ्याइरहनुभएको छ। ४९ वर्षिय पादावा धेरैपटक सगरमाथा आरोहण गर्नेहरूमा दोस्रो आरोही हुनुहुन्छ। यसपटक उहाँले चार दिनमा दुई पटक शिखरमा पुगेर ३१ औँ पटक सफलता प्राप्त गर्नु भएको हो। उहाँ जेठ ८ गते शुक्रबार बिहान ४.२० बजे शिखरमा पुग्नुभएको थियो। यसअघि उहाँ जेठ ४ गते सोमबार बिहान ८.४५ बजे पनि चुचुरोमा जानुभएको थियो। उहाँले सन् १९९८ मा पहिलोपटक सगरमाथा चढेपछि लगातार सर्वोच्च शिखरलाई पछ्याइरहनुभएको छ। गैरशेर्पाहरूमध्ये ब्रिटिस आरोही केण्टोन कूल २० पटक सगरमाथा चढेर धेरैपटक सगरमाथामा सफलता पाउने आरोही बन्नुभएको छ।

**विश्वकै पहिलो महिला**

विश्वका महिलाहरूमध्ये सबैभन्दा धेरै पटक सगरमाथामा पाइला टेक्न सफल श्रीमती ल्हाक्पा शेर्पाले आरोहणको थकाई नमेट्दै आफू आगामी १० वर्षसम्म सगरमाथामा फर्किरहने जानकारी दिनुभएको छ। नेपालको सङ्खुवासभाको मकालुमा जन्मिनुभएकी श्रीमती ल्हाक्पा शेर्पाले जेठ ३ गते नै ११ पटक सगरमाथाको शिखर चुमेर आफ्नै विश्व कीर्तिमान तोडनुभएको थियो। २०५० सालमा स्वर्गीय पासाङल्हामु शेर्पाले पहिलो नेपाली महिलाका रूपमा सगरमाथाको सगरमाथाको सफल आरोहण गर्नु भएपछि ल्हाक्पा शेर्पा दोस्रो नेपाली महिलाका रूपमा सगरमाथामा सफलता पाउनुभएको थियो। त्यसपछि विभिन्न मितिमा १० पटक सगरमाथाको शिखर उक्लन सफल ल्हाक्पाले केही वर्षपछि पुन: ११ औँ पटक सफलता हात पार्नुभएको हो।

महिला आरोही ल्हाक्पाले आठ पटक चीनको तिब्बततर्फ पर्ने उत्तरी मोहडाबाट तथा तीनपटक नेपालतर्फ पर्ने दक्षिणी मोहडाबाट सगरमाथा चढ्नुभएको हो। कीर्तिमानी आरोही श्रीमती ल्हाक्पा शेर्पाले आफूले यो दुई महिना लामो यात्राको आनन्द लिन पाएकामा फेसबुकमार्फत आभार प्रकट गर्नुभएको छ। उहाँको अबको धोको आफ्ना दुई छोरीसँगै सगरमाथा आरोहण गर्नु रहेको छ।

अन्य नेपाली महिलाले पनि सगरमाथामा सफलता प्राप्त गरेर मुलुकलाई गौरवान्वित बनाएका छन्। गतवर्ष एकै सिजनमा १३ दिनभित्र तीनपटक सगरमाथा चढेर 'गिनिस अफ वर्ल्ड रेकर्ड' द्वारा सम्मानीत हुनुभएकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठको सगरमाथामा यसपालिको छैटौँ सफलताले नेपाली सञ्चार क्षेत्रले पनि गौरव गर्ने अवसर पाएको छ। गोरखाकी चेली पूर्णिमाले आठ हजार मिटरभन्दा अग्ला विभिन्न आठवटा हिमालको सफल आरोहण गरिसक्नु भएको छ। कुशल फोटो पत्रकार आरोही पूर्णिमाको क्यामराको फ्रेममा सगरमाथाका दुर्लभ दृष्यहरू परेका छन्, जुन तस्विरहरूले नेपालको पर्वतीय पर्यटनलाई अझ व्यापक रूपमा विश्व बजारमा लैजान थप योगदान दिने अपेक्षा गर्न सकिन्छ।

सशस्त्र प्रहरी बलमा कार्यरत दुई महिलाले पनि यसपटक सर्वोच्च शिखरको सफल आरोहण गरेका छन्। सफल आरोहीहरूमा सहायक निरीक्षक निमडिक्की शेर्पा तथा सहायक हवल्दार अनिता कार्की हुनुहुन्छ। अनिता फेन्सिङ खेलतर्फ दक्षिण एशियाली खेलकुदमा पदक बिजेता खेलाडी हुनु भएकाले नेपालको खेलकुद क्षेत्र आरोहणको सफलतामा प्रतिनिधित्व हुन पुगेको छ। मेकअप आर्टिष्ट निलम पौडेललाई पहिलो ट्रान्सवुमन सगरमाथा आरोही बन्ने अवसर प्राप्त भएको छ। उहाँले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व गर्दै सफल आरोहण गर्नुभएको थियो।

**सदनदेखि समिटसम्म**

पहिलोपटक बहालवाला संसदले सगरमाथामा सफलता पाएको घटनाले पनि वसन्त ऋतुमा चर्चा पायो। प्रतिनिधि सभामा पहिलोपटक पर्वतारोहीको प्रतिनिधित्व गर्ने अवसर पाउनु भएका ताप्लेजुङका मिङ्गमा ग्याबु शेर्पाले 'सदनदेखि समिटसम्म अभियान' अन्तर्गत सगरमाथाको चुचुरो चुम्नुभएको छ। उहाँले जेठ १३ गते बुधबार बिहान ६ बजे संसदको लोगो अङ्कित झण्डा सगरमाथामा फहराउनु भएको थियो। उहाँको यो नवौँ पटकको सगरमाथा यात्रा थियो।

विश्वको दोस्रो ठुलो केटु हिमाल पहिलोपटक हिउँदयाममा आरोहण गरेर पनि कीर्तिमान मिङ्गमा ग्याबुले कायम गर्नुभएको छ।

**कान्छा आरोही**

सोलुखुम्बुको थुलुङ दुधकोसी लोखिमका १६ वर्षिय छिरिङ पासाङ शेर्पाले आफ्नो बाबु तथा आमाको पदचिन्हलाई पछ्याउँदै शिखरमा सफलता प्राप्त गर्नुभएको छ। माउण्टेन बाईक डाउनहिलका खेलाडी छिरिङका बाबु ल्हाक्पा तेम्बा शेर्पाले तीनपटक सगरमाथा चढिसक्नुभएको छ भने आमा डोल्मा लामाले चार वर्षअघि सगरमाथा चढनुभएको थियो।

**अन्य उल्लेखनीय सफलता**

पर्वतारोही छुल्दिम आङदोर्जी शेर्पा २५ पटक सगरमाथाको चुचुरोमा पुग्न सफल भए छन्। यसैगरी अर्का पर्वतारोही पेमाछिरिङ शेर्पाले पनि २५ पटक नै शिखरमा पुगेका छन्। उहाँहरूको पछिपछि रहनुभएका दोर्जी ग्याल्जेन शेर्पाले २४औँ पटक आरोहण गर्नुभएको छ। यो सिजनमा पनि नेपालीका साथै विभिन्न देशका आरोहीले विभिन्न कीर्तिमान कायम गरेका छन्।

**दु:खद् अवसान**

सगरमाथामा आरोहणकै क्रममा दु:खद् निधन हुनेहरूको सङ्ख्या पनि सानो छैन। सन् २०२५ सम्ममा ३३९ जनाभन्दा बढीको निधन भैसकेको तथ्याङ्क रहेको छ। यसपटक विभिन्न हिमालमा केही आरोहीको दु:खद् निधन हुन पुग्यो। हालसम्ममा सात जना आरोहीको आरोहणका क्रममा ज्यान गएको छ, जसमध्ये सगरमाथामा पाँच जना र मकालु र मकालु दोस्रोमा एक-एक जनाको निधन भएको थियो। सगरमाथाको तेस्रो शिवर नजिकै खाल्डोमा खसेर सोलुखुम्बुको थामेका २१ वर्षीय फुर्बा ग्याल्जेन शेर्पाको निधन भएको थियो।

यस्तै सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका निवासी दलित समुदायका पहिलो सगरमाथा आरोही ३५ वर्षिय विजय घिमिरे विश्वकर्माको खुम्बु आइसफलमा निधन भएको थियो। सोलुखुम्बुकै गुदेलका ५२ वर्षिय लाक्पा डेन्डी शेर्पाको भने गोरक्षेपबाट सगरमाथा आधार शिविरसम्म पदयात्रा गर्ने क्रममा लडेर निधन भएको थियो। पछिल्लोपटक दुईजना भारतीय आरोहीको सगरमाथा चढेर फर्कने क्रममा दु:खद् निधन भएको थियो। निधन हुनु भएकाहरूमा ५३ वर्षीय अरुणकुमार तिवारी र ४६ वर्षीय सन्दिप ऐरी हुनुहुन्थ्यो।

**अर्बौं राजस्व सङ्कलन**

नेपाल सरकारले हिमाल आरोहणका लागि अनुमति प्रदान गरेर करिब एक अर्ब २६ करोड रूपैयाँ राजस्व सङ्कलन गरेको छ, जसमध्ये सबैभन्दा बढी सगरमाथा आरोहण अनुमतिबाट करिब एक अर्ब आठ करोड रूपैयाँ प्राप्त भएको थियो। सगरमाथा आरोहणका लागि विदेशी आरोहीले प्रतिव्यक्ति १५ हजार अमेरिकी डलर राजस्व तिर्नुपर्दछ। नेपाली आरोहीले भने प्रतिव्यक्ति एक लाख ५० हजार रूपैयाँ सरकारलाई बुझाउनुपर्ने नियम रहेको छ।

नेपालको पर्वतारोहण क्षेत्रले विश्वमा आफ्नो विशिष्ठ पहिचान बढाउँदै दरिलो आर्थिक स्रोत जुटाएर मुलुकको अर्थतन्त्रलाई नै उल्लेखनीय सहयोग गर्दै आइरहेको छ। यस क्षेत्रले आरोहण दस्तुरबापत वर्षेनी सङ्कलन गर्ने गरेको अर्बौं रूपैयाँका साथै सयौँ सर्वसाधारणलाई रोजगार दिलाएर उल्लेखनीय कार्य गर्दै आइरहेको छ। हाल लाखौँ नेपालीहरू रोजगारका लागि विदेसिएको वर्तमान अवस्थामा पर्वतीय पर्यटन मुलुकमै काम गरेर गुजारा गर्ने माध्यम बनिरहेको छ।

साहसी पथ प्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरूले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन्। पर्वतारोहणका सिलसिलामा ज्यान समेत जानसक्ने जोखिम बारे जानकार हुँदाहुँदै पनि उनीहरूले विश्वका विभिन्न मुलुकका पर्वतारोहीहरूले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीहरूलाई नेपालमा खासै सम्मान तथा सुविधा नभएको आवाज विगतदेखि नै उठ्दै आइरहेको छ। यसका लागि सरकारले नै नीतिगत रूपमा निर्णय लिएर कीर्तिमानीहरूको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको महसुस गरिएको छ। कीर्तिमानी आरोहीहरूलाई बिमानस्थल, अस्पताललगायतका सार्वजनिक स्थलहरूमा सामान्य सुविधा मात्र प्रदान गर्न सकिएको खण्डमा उनीहरूले आफूलाई सम्मानित महसुस गर्नसक्ने अवस्था सिर्जना हुन सक्थ्यो। यसबाट कीर्तिमानीहरू विदेश पलायन हुनबाट पनि रोक्न केही योगदान पुग्न जाने अपेक्षा गर्न सकिन्थ्यो।

यस वर्ष सगरमाथा आरोहण गर्नेहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुनु मुलुकका लागि सकारात्मक उपलब्धि हो। यो वर्षको सफलताले आगामी वर्ष सगरमाथामा आउन चाहनेहरूको सङ्ख्या पक्कै बढ्ने सङ्केत मिलेको छ तर आरोहणको गरिमालाई जोगाउन सरकारले यथोचित नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। सगरमाथामा देखिएको ट्राफिक जामलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिएको छ। एकै सिजनमा सफल आरोहीहरूको सङ्ख्या ह्वात्तै बढेपछि सगरमाथा चढन सजिलो छ भन्ने भाष्य स्थापित नहोस् भन्नेतर्फ सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ। अब सगरमाथा आरोहण गर्नका लागि आवश्यक मापदण्डको समय अनुसार परिमार्जन गर्नुपर्ने देखिएको छ। यसैगरी हिमालमा सङ्कलन भएका अर्बौं रूपैयाँ राजस्व हिमालमा आरोहणका सिलसिलामा निधन भएकाहरूको परिवारको उचित जीविकोपार्जन साथै हिमाली क्षेत्रको तत्काल आवश्यकता अनुसारका क्षेत्र विकासमा खर्च गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

सगरमाथा आरोहणको मौसम समाप्त भइरहेको अवस्थामा आरोहीहरू सुखद सम्झना लिएर विश्वका विभिन्न कुनामा रहेका आआफ्ना घर फर्किंदै छन्। उनीहरूको माध्यमबाट विभिन्न देशमा पुगेका सगरमाथाका जीवन्त तस्बिर र भिडियोले नेपालको प्राकृतिक सौन्दर्यप्रति आकर्षित हुनेहरूको सङ्ख्या अझै बढ्न जाने सहजै अपेक्षा गर्न सकिन्छ। यस सन्दर्भमा यसपालिको बसन्त ऋतु अन्यन्त सफल सिजन बन्न गएको अनुभव गरिएको छ तर सगरमाथाको साखलाई यथावत राखेर यसलाई फोहरको डङ्गुर बन्न नदिनेतर्फ पनि सचेतता महत्त्वपूर्ण मानिएको छ। आरोही टोलीले सगरमाथाको आधारशिविरका साथै विभिन्न उचाइमा स्थापना गरेका शिविरमा उत्पन्न गरेको फोहरको उचित व्यवस्थापनका लागि सम्बन्धित सबैले सक्रियता जनाएर सगरमाथाको वातावरणीय स्वच्छता कायम गर्न एकबद्धता जनाउनु जरुरी ठानिएको छ। *(रासस)*

# एमसीसीको सहयोगको नाममा देश ध्वस्त नपारौँ !

आज नेपालको राजनैतिक डबलीमा 'एमसीसी' सम्झौता भनिएको संरा अमेरिकी सहयोगको नाममा नेपाली जनतालाई ठूलो भड्खालोमा पुऱ्याउने र नयाँ उपनिवेश बनाउने षड्यन्त्रमा नेपाल फस्दै गएकोमा हामीले खबरदारी गर्दै आएका छौँ । संरा अमेरिकाबारे आफूलाई सान्है जान्नेसुन्ने सम्झेका तथाकथित नेपाली बुद्धिजीवीहरू देशको संविधान, ऐन-कानुन र सार्वभौमिकताभन्दा माथि रहेको अमेरिकी एमसीसीको पक्षमा वकालत गर्दै छन् । अमेरिकी साम्राज्यवादी नीतिलाई गौतम बुद्धको प्रवचन सम्झने ती बुद्धिजीवीहरू सरलतावश 'मूर्ख' बनेका हुन् वा केही अमेरिकी डलर खाएरै नुनको सोझो गर्दै छन् भन्नेमा कसैले शङ्का गर्नु आवश्यक छैन । यसकारण, हामीले इतिहासमा अमेरिकी साम्राज्यवादी नीति कसरी अगाडि बढ्यो भनेर हाम्रा पाठकहरूलाई केही सूचना प्रवाह गर्दै छौँ ।

५ सेप्टेम्बर १७७४ मा आजको संरा राज्यहरू मिलेर अमेरिकाको एटलान्टिक महासागरको पूर्वी किनारका तेन्ह वटा राज्यका प्रतिनिधिहरू बेलायती उपनिवेशवादको विरोधमा सङ्घर्ष गर्न फिलाडेल्फियामा भेला भए र त्यस भेलालाई 'कङ्ग्रेस' नाउँ दिइयो । त्यसलाई हाम्रो भाषामा 'प्रतिनिधिसभा' भनिन्छ भने अमेरिकामा आज पनि त्यसलाई 'कङ्ग्रेस' नै भनिन्छ ।

सन् १७७५ मा बेलायती उपनिवेशवादविरोधी अमेरिकी स्वाधीनताप्रेमी जनताको सशस्त्र सङ्घर्ष सुरू भयो । १० मे १७७५ मा 'कङ्ग्रेस' ले जर्ज वासिङटनलाई प्रधानसेनापति नियुक्त गऱ्यो ।

४ जुलाई १७७६ मा कङ्ग्रेसले 'स्वाधीनताको घोषणा' गऱ्यो । सशस्त्र सङ्घर्ष अगाडि बढ्दै गयो ।

१७ अक्टोबर १७७७ मा बेलायती सेनाको बर्गोयनको नेतृत्वको सेनाले आत्म-समर्पण गऱ्यो । तर, लडाइँ चालू रह्यो । १९ अक्टोबर १७८१ मा भर्जिनिया राज्यको योर्क टाउन भन्ने ठाउँमा बेलायती सेनाको नेतृत्व गर्ने कर्नवालिसको ८ हजार जवानसहितले आत्मसमर्पण गरे । बेलायती संसद्ले युद्धको अन्त्य गर्ने मत दियो र अप्रिल १७८२ देखि फ्रान्समा बेलायतले पूर्व उपनिवेशको रूपमा रहेको संरा अमेरिकालाई एक स्वाधीन, स्वतन्त्र र सार्वभौम राज्यको मान्यता दियो । बेलायतका एक लाखभन्दा बढी खान्दानी परिवारका सदस्य र अमेरिकी स्वतन्त्रताविरोधी कर्मचारीहरू तथा बेलायती 'एजेन्टहरू' लाई देश निकाला गरियो । तिनीहरूको चल-अचल सम्पत्ति अमेरिकी धनाढ्यहरूले लिलाममा किने । (हरेक देशमा लडाइँ र स्वतन्त्रतापछि ती देशका 'विभीषण' हरूलाई देश निकाला गरिएको वा तिनलाई सजाय दिइएको इतिहासले बताउँछ । नेपालको सुगौली सन्धि गर्ने गजराज मिश्र तथा केही तिब्बती अधिकारीहरू जसले कलकत्तामा गएर अङ्ग्रेजहरूसँग अनाधिकार सन्धि-सम्झौतामा हस्ताक्षर गरे; तिनीहरूलाई कहिल्यै देश भित्रिन दिइएन । यसैगरी, एमसीसीमा हस्ताक्षर गर्ने शङ्कर शर्मा र अन्य पदाधिकारीहरूबारे नेपाली जनताले पनि माफी दिने छैनन् भन्ने अड्कल काट्न गाह्रो छैन । त्यस्तै, आरजु देउवाको नागरिकता र ज्ञानेन्द्र कार्कीबारे पनि छानबिन आवश्यक छ ।)

संरा अमेरिकाका चौथो राष्ट्रपति जेम्स मुनरो (१८१७-१८२५) ले सन् १८२३ मा 'अमेरिका अमेरिकीहरूको हो' भन्ने नीति घोषणा गर्नासाथै लिइएको विस्तारवादी नीतिले संसारमा ठूल्ठूला दुर्घटनाहरू भए । मुनरोको त्यस नीतिको घोषणापछि ती १३ वटा राज्यका पश्चिम र दक्षिणका भागहरू कब्जा गरिए । सन् १८३९ मा फोर्ट रोस कब्जा गरियो; सटर भन्ने एक अमेरिकी नागरिकबाट रूसको अलास्का अमेरिकालाई बेच्न बाध्य पारियो । सन् १८४५ मा एउटा कमजोर देश मेक्सिकोको उत्तरतिरको झन्डै मेक्सिको भन्दा पनि ठूलो भूमि संरा अमेरिकाले कब्जा गरेको सर्वविदित छ । २०-२१ वर्षमा अमेरिकी सेनाले मध्य-अमेरिकन र दक्षिण-अमेरिकामा ५० पटक आक्रमण र हस्तक्षेप गऱ्यो ।

सन् १८४६ मा कोलम्बियाको पनामामा विद्रोह गराई संरा अमेरिकाले नयाँ सरकारसँग ९९९ वर्षको निम्ति पनामा कब्जा गऱ्यो र एटलान्टिक महासागर एवम् प्रशान्त महासागर आवतजावत गर्न पनामा नहर बनायो । २०० वर्ष अगाडि पनामाका एक राष्ट्रपतिलाई बन्दी बनाएर अमेरिका लगियो । त्यस राष्ट्रपति मरे वा बाँचे कसैलाई थाहा छैन । संरा अमेरिकाले प्रशान्त महासागरको फिलिपाइन्स र हवाई टापु पनि कब्जा गऱ्यो ।

सन् १८४२ मा बेलायतले षड्यन्त्रमूलक ढङ्गले अफिमयुद्धमा चीनलाई हरायो र एक असमान सन्धि गर्न चीन सम्राटलाई बाध्य पाऱ्यो । संरा अमेरिकाले पनि १८४२ मा त्यस्तै एक असमान सन्धि गर्न चीनलाई बाध्य पाऱ्यो ।

सन् १८५३ मा जापानलाई तोपे डुङ्गाहरूले घेरेर त्यस्तै एक असमान सन्धि गर्न बाध्य पारियो ।

१३ राज्यको पश्चिमतिर अमेरिकी आदिवासीहरूलाई धपाउँदै तिनीहरूका भूमि र बस्ती हात पारियो । आदिवासीहरूको गाउँ नजिक अफ्रिकी दासमालिकहरू र ठुल्ठुला (खेतीका) मालिकहरूले बिफरका रोगीका लुगा, ओढ्ने ओछ्याउने आदि राखिदिन्थे । त्यो प्रयोग गरेपछि तिनीहरू रोगले मर्थे वा ठाउँ छोडेर जान्थे । त्यसपछि तिनीहरूको भूमि र बस्ती 'सभ्य' श्वेतहरूले कब्जा गर्थे । कोरिया युद्ध र भियतनाम युद्धमा किटाणु र रासायनिक लडाइँ गर्ने संरा अमेरिकाले पछि अफगानिस्तानमा दसौँ लाख मानिस मार्न लगायो; इराक र लिबियालाई ध्वस्त गऱ्यो तथा सिरियामा नरसंहार चालु छ । यसरी संरा अमेरिका मित्रताको बहानामा आएर हरेक देश र क्षेत्रलाई आपसमा युद्ध गराउँछ र दुवैतिर हतियार बेच्छ । यसकारण, संरा अमेरिकाको साम्राज्यवादी नीतिबाट हाम्रो देशलाई जोगाउनु आवश्यक छ ।

*२५ माघ २०७८ (8 February, 2022)*

**सम्पादकीय सङ्कलन (तेस्रो खण्ड)**




**गोल्डन...**

उहाँले शिक्षण पेसा आफूलाई सबैभन्दा मनपर्ने पेसा भएको उल्लेख गर्दै शिक्षा क्षेत्रले व्यक्तिको जीवन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले विद्यार्थीहरूको उपलब्धिको प्रशंसा गर्दै शिक्षा नै समाज र राष्ट्र निर्माणको मुख्य आधार भएको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले विद्यार्थीहरूलाई बधाई दिँदै शिक्षा, अनुशासन र मेहनतले नै जीवनमा सफलता प्राप्त गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल सिङ्ग लामाले विद्यालयले स्थापना कालदेखि नै गुणस्तरीय शिक्षामा जोड दिँदै आएको उल्लेख गर्दै यस वर्षको उत्कृष्ट नतिजा शिक्षक, विद्यार्थी र अभिभावकबिचको समन्वय तथा मेहनतको परिणाम भएको बताउनुभयो ।

विद्यार्थीका तर्फबाट मन्तव्य राख्दै ४.० जीपीए प्राप्त गर्ने विद्यार्थी रुबिशा मानन्धरले सफलता हासिल गर्न शिक्षकको मार्गदर्शन, अभिभावकको सहयोग र आफ्नै मेहनत महत्त्वपूर्ण रहेको बताउनुभयो ।

सम्मानित विद्यार्थीहरूलाई प्रमाणपत्र तथा मायाको चिनो प्रदान गरिएको थियो भने शिक्षकहरूलाई पनि सम्मान गरिएको थियो ।

विद्यालयले २०४३ सालदेखि सञ्चालनमा रही गुणस्तरीय तथा सर्वसुलभ शिक्षा प्रदान गर्दै आएको छ । विद्यालयले यस वर्ष पनि उत्कृष्ट एसईई नतिजा हासिल गरी भक्तपुर जिल्लामै आफ्नो शैक्षिक पहिचानलाई थप मजबुत बनाएको छ ।

कार्यक्रममा विद्यालयका शिक्षक, पूर्वविद्यार्थी, अभिभावक सङ्घका अध्यक्ष बिकेस मानन्धरले आफ्ना अनुभव सुनाउँदै विद्यार्थीलाई उच्च शिक्षा तथा जीवनका आगामी चुनौतीहरूका लागि शुभकामना दिनुभएको थियो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष अञ्जु चिपालु जोशीले धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा प्रजिअ खड्कालाई विद्यालय परिवारका तर्फबाट स्वागत तथा बधाई ज्ञापन गरिएको थियो ।

**भक्तपुर...**

प्रदर्शनीमात्र नभई दाफा सम्मेलनकै रूपमा सम्पन्न भएको बताउनुभयो ।

उहाँले यस्ता सांस्कृतिक गतिविधिहरू आगामी दिनमा पनि निरन्तर सञ्चालन हुने विश्वास व्यक्त गर्दै सांस्कृतिक पक्ष नै मानव समाजको पहिचानको आधार भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "संस्कृति मानिसको अस्तित्व र पहिचानसँग जोडिएको विषय हो ।"

परम्परागत बाजागाजा, नाचगान तथा साङ्गीतिक गतिविधिले मानिसको मस्तिष्कलाई सक्रिय र सिर्जनशील बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राख्दै उहाँले भक्तपुरवासीहरू सांस्कृतिक गतिविधिमा निरन्तर संलग्न रहेकाले यहाँको सामाजिक र सांस्कृतिक वातावरण सुदृढ बनेको बताउनुभयो ।

उहाँले दाफा प्रदर्शनीले नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति, परम्परा र सम्पदाबारे सिकाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको धारणा राख्दै यस्ता कार्यक्रम पुस्तान्तरणका लागि अत्यन्त फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले सय वर्षपछिको भक्तपुरको सांस्कृतिक स्वरूप र पहिचानलाई मूर्त रूप दिन दाफा प्रदर्शनी महत्त्वपूर्ण रहेको बताउनुभयो ।

निर्णायकको तर्फबाट प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठले भक्तपुर नगरपालिकाले पहिलो पटक दाफा प्रदर्शनी आयोजना गरी सांस्कृतिककर्मीहरूलाई उत्साहित बनाएको बताउनुभयो ।

ख्वप (भक्तपुर) लाई नेपालको सांस्कृतिक राजधानीको रूपमा चिनिने आधारमध्ये दाफा परम्परा पनि एक महत्त्वपूर्ण पक्ष रहेको उल्लेख गर्दै प्रा.डा. श्रेष्ठले दाफा भजन वा साङ्गीतिक परम्परामात्र नभई नेवार समुदायको सांस्कृतिक जीवनशैली र पहिचानसँग जोडिएको अमूल्य सम्पदा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दाफा प्रदर्शनीले पुस्तान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नेछ र युवा पुस्तालाई आफ्नो मौलिक संस्कृति बुझ्न तथा त्यसप्रति आकर्षित हुन प्रेरित गर्नेछ ।"

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

प्रमुख अतिथि सुवालले दाफा प्रदर्शनीको अवसरमा घोषणा भएका उत्कृष्ट पाँच दाफा टोलीलाई प्रमाणपत्र तथा विशेष प्रोत्साहन प्रदान गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले सहभागी सम्पूर्ण दाफा टोलीलाई प्रमाणपत्र तथा लालाखिं मायाको चिनो र उपप्रमुख जोशीले निर्णायकमण्डललाई धन्यवादपत्र तथा मायाको चिनोसहित सम्मान गर्नुभएको थियो ।

दाफा प्रदर्शनी तथा प्रतियोगिताको निष्पक्ष मूल्याङ्कनका लागि सांस्कृतिक क्षेत्रका अग्रज व्यक्तित्वहरू आशबहादुर माक, पञ्चलाल लाछिमस्यु, प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठ, बुद्धलाल मानन्धर, राजकुमार मानन्धर, श्रीभक्त सुवाल, रबिम कपाली तथा प्रवीण लाखा निर्णायकको रूपमा रहनुभएको थियो ।

दाफा प्रदर्शनीमा उत्कृष्ट घोषित भएका दाफा खलहरूमा कुथुछे दाफा भजन, खिँछे दाफा भजन, ज्याथा गणेश दाफा भजन, लाकोलाछेँ चपाल दाफा भजन तथा लाकोलाछेँ त्वाले दाफा भजन रहेका छन् । उत्कृष्ट दाफा खललाई लालाखिं, तँ, इयालिन्चा र प्रत्येक टोलीलाई नगद १५ हजार प्रोत्साहनस्वरूप प्रदान गरिएको थियो ।

**राष्ट्रिय...**

सरकारी तथा पुरातात्त्विक महत्त्वका संसद् भवन, सिंहदरबार, सरकारी तथा निजी सवारी साधनहरू तोडफोड र आगजनी गर्ने कार्य सुरु गरेको देखिन्छ । त्यस्तै प्रदर्शनकारीहरूद्वारा सुरक्षा निकायका कर्मचारी विशेषगरी नेपाल प्रहरीका कर्मचारीहरूलाई खोजी खोजी कुटपिट गर्दा तीन जना प्रहरी कर्मचारीको हत्या भएको देखिन्छ ।

प्रदर्शनकारीहरूले विभिन्न प्रहरी कार्यालयबाट प्रहरीका हतियार, पोशाकहरूसमेत लुटी प्रदर्शन गर्दै हिँडिरहेको पाइयो । लुटिएका कतिपय हतियार हालसम्म प्राप्त हुन सकेको छैन ।

सोही दिन विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको घरमै प्रवेश गरेर कुटपिटसमेत गरेको देखिन्छ । सोही दिन विभिन्न स्थानका व्यापारिक तथा निजी भवनमा गरिएको आगजनीमा परी १९ जनाको मृत्यु भयो । त्यसमध्ये ११ जनाको हालसम्म पहिचान हुन सकेको छैन ।

२४ गते नै देशका ३६ वटा कारागारमा तोडफोड तथा आगजनी भयो भने २८ वटा कारागारबाट कैदीबन्दीहरू भागे । यसरी २४ गतेको प्रदर्शन अत्याधिक हिंसात्मक रहेको अनुसन्धान प्रतिवेदन र सङ्कलित अन्य सबुत प्रमाणहरूबाट देखिन्छ ।

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म : २००१।०१।१८
निधन : २०८३।०२।१४

यस समाजअन्तर्गतको गुठी नं.३ का सदस्यहरू लक्ष्मीप्रसाद, रामप्रसाद, श्यामसुन्दर, स्व.रामसुन्दर, सहदेव र सकुल प्रजापतिकी ममतामयी माता **नानी छोरी प्रजापति**को असामयिक निधन भएको चौथो दिन(लक्व)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**एकीकृत हाकुज्या प्रजापति समाज परिवार**
तालाको, भक्तपुर-४

हार्दिक समवेदना



जन्म १९८७/११/०७
स्वर्गारोहण २०८३/०२/०५

यस श्री श्री श्री इन्द्रायणी माता निजी गुठीका सदस्य सुदिप हाडाकी ममतामयी माता **नानु हाडा**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
**पुरुषनारायण कायष्ठ**
**तथा श्री श्री श्री इन्द्रायणी माता निजी गुठी परिवार**
खौमा-२, भक्तपुर नगरपालिका

हार्दिक समवेदना



जन्म २००१/०१/१८
निधन २०८३/०२/१४

यस ज्याठा गणेश बचत कोषका अध्यक्ष लक्ष्मीप्रसाद प्रजापतिकी ममतामयी माता **नानी छोरी प्रजापति**को दु:खद निधन भएको आज चौथो दिन (लक्व) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री ज्याठा गणेश बचत कोष**
**तथा श्री ज्याठा गणेश आमा समूह**
तालाको, भक्तपुर-४

हार्दिक समवेदना



जन्म २००१/०१/१८
स्वर्गारोहण २०८३/०२/१४

यस युवा समूह कोषका सचिव श्यामसुन्दर प्रजापतिकी ममतामयी माता **नानी छोरी प्रजापति**को दु:खद निधन भएको आज चौथो दिन (लक्व) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**युवा समूह कोषका साथीहरू**

| | | |
|---|---|---|
| कवि प्रजापति | हरिओम प्रजापति | राजेश प्रजापति |
| राजेन्द्र प्रजापति | रोशन प्रजापति | संजीव प्रजापति |
| विष्णुप्रसाद प्रजापति | रामजी प्रजापति | धनप्रसाद प्रजापति |
| दिलकुमार प्रजापति | लक्ष्मीप्रसाद प्रजापति | राम प्रजापति |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा